पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ४६ २०७० असार २८ गते शुक्रबार (July 12, 2013) मूल्य रू. ७/-

## विदेशीको षड्‌यन्त्रको शिकार राजसंस्था



काठमाडौँ । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले दक्षिणी छिमेकी मुलुक भारतको डिजाइनमा नेपालको राजसंस्था विस्थापित गरिएको गम्भीर आरोप लगाएका छन् । उक्त कुरा उनले शनिवार एक प्रेस साक्षात्कार कार्यक्रममा बताएका हुन् । थापाले सोही साक्षात्कार कार्यक्रमका अगाडी भने नेपालमा राजसंस्था वाह्य षडयन्त्र र उग्रवामपन्थी रणनीतिक योजनाका कारण हटाईएको हो । उनले राजतन्त्र पनि अटाउने खालको प्रजातन्त्र नै नेपालको आवश्यकता रहेको दाबी गर्दै थपे यो नै (बाँकी अन्तिम पेजमा)

# स्वरोजगारको पैसा, पार्टीलाई चुनाव खर्च

काठमाडौं । बेरोजगराले सीप सिकुन्, सानोतिनो रोजगारी गरून् भनेर डा.बाबुराम भट्टराईको शासन कालमा सुरु गरिएको स्वरोजगार कोषको बढी लाभ एमाओवादीकै वाईसीएल, युनियनहरूले उठाइरहेका छन् । पछिल्लो समयमा स्वरोजगार कोष शीर्ष दलहरूको हैसियत अनुसार भाडबण्डा हुन थालेको छ ।

अहिलेसम्म स्वरोजगार कोषले



बैंक मार्फत् १ अर्ब ४५ करोड र सहकारी मार्फत् १ अर्ब ४ करोड रूपैयाँ लगानी



गरिसकेको छ । असार २५ गते कोषले ५४ करोड निकासा गरेपछि



वाईसीएलको भागमा ३ करोड, सहिद (बाँकी अन्तिम पेजमा)

## बत्तिसपुतलीमा नेताहरू नांगै

काठमाडौं । ९ घण्टे नेपाल भ्रमणमा आएका भारतीय विदेशमन्त्री सलमान खुर्सिदको दर्शन गर्न राजनीतिक हैसियत, कूटनीतिक मर्यादा र प्रोटोकलसमेत विर्सिएर असार २५ गते नेपाली नेताहरूले आफूले आफैंलाई नांगेझार पारेका छन् । नेपाली राजनीतिमा लोकतन्त्र भन्नेहरूले यसरी आचरण र मर्यादा सम्म राख्न नसकेको देखियो ।

प्रधानमन्त्री भइसकेका पुष्पकमल दाहाल सिंगापुरबाट हुर्तुकाउँदै होटल द्वारिकाजमा पुगेका थिए भने डा.बाबुराम भट्टराई, शेरबहादुर देउवा र झलनाथ खनाल पनि चामलको कुपन पाइन्न कि भने झैँ गरी खुर्सिदको दर्शनभेटका लागि लाइनबद्ध भएका थिए । (बाँकी अन्तिम पेजमा)

## राजनीतिक दलहरू नै भ्रष्टचारी

**अभियान संवाददाता**

काठमाडौँ । नेपालमा दुइवर्ष यता भ्रष्टचारको मात्रा बढेको देखिएको छ । भ्रष्टचार नियन्त्रण गर्ने विभिन्न निकायहरू सक्रिय भएपनि प्रत्येक वर्ष बढ्नुमा राजनैतिक दल र सरकार नै प्रमुख जिम्मेवार रहेको छन् । भ्रष्टचार विरूद्ध त्रियाशिल अन्तराष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलले मंगलबार विश्वव्यापी रूपमा सार्वजानिक गरेको ग्लोवल करप्सन ब्यारोमिटर (जिविसी) मा नेपालमा भ्रष्टचार बढेको देखाएको छ ।

विश्वका १०७ मुलुकका एकलाख १४ हजार व्याक्तिमाझ २०१३ का लागि गरीएको मत सर्वेक्षणले नेपालमा व्यापक मात्रामा भ्रष्टाचार बढेको देखाउँदै सबैभन्दा बढी भ्रष्टचारीहरूमा राजनैतिक दल र राजनीतिज्ञहरू रहेको देखाएको छ । उसले गरेको सर्वेक्षणमा सहभागी मध्येका ७० प्रतिशतले राजनैतिक दललाई अति भ्रष्टका रूपमा राखेका छन् । त्यसैगरि निजमती कर्मचारीहरू ६६ प्रतिशत, प्रहरी ५१ प्रतिशत, व्यावस्थापिका संसद ५१ प्रतिशत, न्यायालय ३० प्रतिशत व्यापार निजी क्षेत्र २७ प्रतिशत, सेना २१ प्रतिशत, शिक्षा प्रशासन २० प्रतिशत, गैरसरकारी संस्था २७ प्रतिशत, चिकित्सा तथा स्वास्थ्य १६ प्रतिशत, धार्मीक संस्था र सञ्चार माध्यम १४ प्रतिशत भ्रष्टाचार हुने गरेको ट्रान्सपरेन्सीले देखाएको छ ।

ट्रान्सपरेन्सीले नेपालमा ५८ वटा नगरका एक हजार घरधुरीमा भ्रष्टचारको अवस्था बारे सर्वेक्षण गरेको जनाएको छ । सर्वेक्षणमा ५३ प्रतिशत पुरूष र ४७ प्रतिशत महिलाको सहभागिता (बाँकी अन्तिम पेजमा)

## जसरी भएपनि चुनावको अर्थ के ?

**अभियान संवाददाता**

काठमाडौँ । निर्वाचन गराउने मुख्य जिम्मेवारी पाएको सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मी नेतृत्वको सरकारले चार दलिय सिन्डिकेटको आदेशलाई स्वीकार गर्दै अन्य दलहरूलाई समेत निषेधको मार्ग अपनाउन सक्ने उद्‌घोष गर्न थालेपछि सडक संघर्षमा गएका दलहरू थप आक्रोशित भएका छन् ।

गत शनिवार जेनेभाको एक हप्ते भ्रमणबाट स्वदेश फर्किएका परराष्ट्र एवम् गृहमन्त्री माधव घिमीरेले त्रिभुवन



विमानस्थलमै उद्‌घोष गरे–निर्वाचनको लागि सुरक्षा मामीलामा निकै कठोर हुने निर्णय हुन सक्छ । चुनाव शान्तिपूर्ण स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न गर्न (बाँकी अन्तिम पेजमा)

## रेग्मी सरकारद्वारा राष्ट्रियता माथि नै प्रहार

काठमाडौँ । खिलाराज रेग्मी नेतृत्वको सरकारले आफनो कार्यदिशा विपरीत गरेको नेपाल-भारत जासूसी तथा सूचना आदान प्रदान संयन्त्र स्थापनाको विरूद्ध गत शुक्रवार परेको रिटमा सर्वोच्च अदालतले सोमवार अन्तरीम आदेश जारी गर्दै हाललाई त्यो कार्यान्वयन नगराउन आदेश दिएको छ । वहालवाला सर्वोच्च अदालतका प्रधानन्यायाधिश खिलराज रेग्मी नेतृत्वको सरकारको निर्णय विरूद्ध सर्वोच्चले यस्तो पहिलो आदेश जारी गरेको हो ।

पूर्व नेपालको इलामको पशुपति नगर, लुम्बिनीमा भारतद्वारा प्रस्तावित अध्यागमन जाँच केन्द्र स्थापना गर्ने सम्बन्धी गत (बाँकी अन्तिम पेजमा)

## रेग्मीको बलिदान कस्तो ?

काठमाडौँ । भारतीय विदेश मन्त्री सलमान खुर्सिद नौ घण्टे औपचारीक नेपाल भ्रमणमा आएका बेला नेपालमा पूर्व प्रधानमन्त्री सहित पार्टीका बरिष्ठ नेताहरू खुर्सिदको अगाडी लम्पसार पर्नाले नेपाली जनताको शिर झुकेको छ । पूर्व प्रधानमन्त्री र पार्टीका नेताहरूले खुर्सिद बसेको होटलमै पुगेर आफ्नो मात्र होइन नेपाली जनताको शिर झुकाएका छन् । पूर्व प्रधानमन्त्रीहरूले खुर्सिदलाई आ-आफ्नो पार्टी कार्यालयमै बोलाएर भेटगर्नु पर्नेमा उनले दिएको समयमा लामबद्ध भएर भेटघाट गर्नुले प्रमाणीत गर्दछ नेपालका राजनैतिक दल र तिनका नेताहरू भारतप्रति कति भक्त रहेछन् ।



आफ्नो नौ घण्टे नेपाल भ्रमणमा आएका भारतीय बिदेशमन्त्री खुर्सिदले नेपालको संविधान सभाको निर्वाचनको विकल्प नभएको भन्दै निर्वाचनको लागि भारत जस्तोसुकै सहयोग गर्न तयार रहेको बताउँदै तोकिएको समयमै निर्वाचन गर्न नेताहरूलाई विशेष निर्देशन दिएका थिए । निर्देशन लिन पुगेका नेताहरूले आ-आफ्नो पार्टीलाई सहयोग र समर्थन गरिदिन खुर्सिदलाई आग्रह समेत गरेका थिए । (बाँकी अन्तिम पेजमा)



## खुर्सिदको फर्मान

काठमाडौँ । असार २५ गते आफ्नो नौ घण्टे नेपाल भैमणमा आएका भारतका विदेशमन्त्री सलमान खुर्सिदले मंसिर ४ को संविधान सभाको निर्वाचन सार्ने कुरै छैन, निर्वाचनको विकल्प छैन भन्ने गायत्री मन्त्र सुनाएर गएका छन् । नेपाली नेताहरू यस्तै मन्त्रदान लिन लालयित हुन्छन् र त्यही काम गर्न सलमान नेपाल आएका रहेछन् । सलमानले जाने बेलामा दोहोऱ्याएर (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# चार दलको भूलले गर्दा निर्वाचनमा अवरोध

*आगामी मंसिर ४ गते संविधानसभाको दोस्रो निर्वाचनको मिति घोषणा गरिए पनि तोकिएको समयमा निर्वाचन हुन्छ कि हुन्न भन्ने प्रश्न सबैको अगाडि प्रष्ठ रुपमै उभिएको छ । प्रमुख तीन दल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेशवादी दलहरुको मोर्चाले मात्र सहमति गरेर फागुन ३० गते ११ बुँदे सहमति गर्नु र त्यही ११ बुँदे सहमतिका आधारमा चैत्र १ गते संविधानको बाधा अड्काउ फुकाउ धारा मार्फत् संविधानका २५ वटा प्रवाधान संशोधन गर्नु चारदलको भूल मात्र नभएर महाभूल थियो । यिनै चार दलले संविधान नै संशोधन गरेर सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई काजमा ल्याएर मन्त्रिपरिषद्को अध्यक्ष बनाउनु नै अहिलेको समस्याको जड हो ।*

*नेकपा-माओवादीसहितका अन्य ३३ दलले निर्वाचनको विरोध गरेका छैनन् । उनीहरुले केवल प्रक्रियाको मात्र विरोध गरेका हुनाले उनीहरुलाई निर्वाचन विरोधीको विल्ला भिराइनु किमार्थ उचित हुँदैन । तत्कालिन अवस्थामा तत्कालिन राजाले संविधानको बाधाअड्काउ धारा मात्र प्रयोग गरेका थिए । तर प्रजातन्त्रको ठेकेदार सम्झने नेपाली कांग्रेसलगायत संविधानसभाको माग गर्ने पार्टीले नै बाधा अड्काउ धारा प्रयोग गरेर संविधान नै संशोधन गर्नुले उनीहरुको नियत के भन्ने प्रष्ठ भएको छैन ? संविधान संशोधन गर्ने प्रमुख तीन माध्यम मात्र रहेका छन् । पहिलो संसदले संशोधन गर्न सक्छ, दोस्रो जनताका मतले । जस्तै, जनमत संग्रह र तेस्रो हो जनताले जनआन्दोलनको माध्यमद्वारा । तर यहाँ भने चार राजनीतिक दलले संविधान नै संशोधन गरेर राष्ट्रपतिलाई समर्थन गर्न लगाउनुले राष्ट्रपति चार दलको मात्र भएको जस्तो देखिएका छन् । नेपालको अन्तरिम संविधानले राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक स्वीकार गरेको अवस्थामा के राष्ट्रपतिले आफूलाई दिएको अधिकारलाई सही रुपमा प्रयोग गर्न सके त ? संविधान संशोधन गर्ने अधिकार चारदल र राष्ट्रपतिलाई कसले दियो ? हत्या गरिएको संविधानसभामा उपस्थिति भएका ३३ दल मध्येका ८ वटा दलले मात्र संविधान संशोधन गर्नु उनीहरुको लागि आत्महत्या गरेसरह नै हो ।*

*नेकपा-माओवादीलगायतका अन्य दलहरु जस्तै मधेशीजनअधिकार फोरम नेपाल, संघीय समाजवादी पार्टी लगायतका दलहरुले स्वच्छ निर्वाचनका लागि खिलराज रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु पर्ने शर्त अगाडि सारिरहेका र नेकपा-माओवादीले गोलमेच वा सर्वदलीय सम्मेलनको माग गरिरहेको अवस्थामा चार दलीय उच्च स्तरीय राजनीतिक संयन्त्रले गोलमेच वा सर्वदलीय सम्मेलन गर्न सकिने बताए पनि चार दल र नेकपा-माओवादी दुवैले आफ्नो हठ नछाडेको अवस्थामा उनीहरुले कुनै निकास निकाल्न सक्छ भन्नु अहिले नै भूल मात्र हुनेछ । नेकपा- माओवादीले पहिला नै फागुन ३० गते भएको ११ बुँदे सहमतिको आधारमा चैत्र १ गते संविधानको बाधा अड्काउ धारा १५८ मार्फत् संविधान संशोधन गरि एको प्रक्रिया नै खारेज हुनुपर्ने माग गरिरहेको हुनाले अहिलेकै अवस्थामा नेकपा-माओवादीका मागहरु पुरा हुन सक्छन् भन्नु सोह्रै आना गलत सावित हुनेछ । नेकपा-माओवादीले रेग्मी सरकार खारेज गरेर राजनीतिक व्यक्तिको नेतृत्वमा सर्वदलीय सरकार निर्माण गर्नु पर्ने बताइरहेको अवस्थाम के चार दललाई त्यो स्वीकार्य होला ?*

*चार राजनीतिक दलले पहिला नै महाभूल गरिसकेका हुनाले उनीहरु त्यही भूललाई सच्याउनुको सट्टा त्यसलाई ढाकछोप गर्न मात्र उद्दत रहेका र नेकपा-माओवादीले समेत ११ बुँदे र २५ बुँदे खारेज गरी मंसिर ४ गते तोकिएको संविधान सभाको दोस्रो निर्वाचनलाई स्थगित गरी अर्को मिति तोक्न आग्रह गरेका हुनाले चाहे तात्कालि अवस्थामा संविधानसभामा उपस्थित भएका दल हुन चाहे पछि गठन भएका यी सबै दलहरुले निर्वाचनमा जाने प्रतिबद्धता नजनाएसम्म निर्वाचनको सम्भावना नै छैन । मंसिर ४ गते तोकिएको निर्वाचन चार दलकै कारण हुन नसक्ने उद्घोष हामीले पहिला नै गरिसकेको हुनाले सबै दलहलाई पुनः जनताको हितलाई ध्यानमा राखी मुलुक र जनताको हितमा राजनीतिक गर्न जोडदार माग गर्दछौं ।*

# ठूला दलकै कारण निर्वाचन अनिश्चित

■ **देवेन्द्र चुडाल**

एकीकृत नेकपा माओवादी विभाजित भएर गठन भएको नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्य अहिले जसरी भए पनि आफ्नो एजेण्डा लागु हुनु पर्दछ भन्दै मुलुकभित्र मात्र होइन मुलुक बाहरि समेत हार गुहार गर्न लागिपरेका छन् । वैद्यको एजेण्डा भनेको तत्कालिन माओवादीले अधुरो छोडेको क्रान्तिलाई सफल पार्नु र राष्ट्रिय स्वाधिनतालाई सुरक्षित राख्नु पर्ने उद्घोषका साथ उनको पार्टी अगाडि बढेको वैद्यको ठहरलाई झट्ट हेर्दा राम्रो लागे पनि उनको भित्रि इच्छा भनेको के हो भन्ने प्रष्ठ भएको छैन । एकीकृत नेकपा माओवादीमा रहँदा वैद्यले राष्ट्रिय स्वाधिनताका बारेमा कहिल्यै छलफल नै चलाएका थिएनन् । जुनबेला उनकै पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री थिए, त्यसैबेलादेखि राष्ट्र र राष्ट्रियतामाथि प्रहार गर्ने कार्यमा एमाओवादी नै अगाडि बढेको थियो । दाहाल प्रधानमन्त्री भएकाबेला हिसिला यमी पर्यटन मन्त्री हुँदा त्रिभुवन विमानस्थलको सुरक्षा व्यवस्था भारतलाई दिने निर्णय गरिएको थियो, पछि त्यसलाई सर्वोच्च अदालतले बदर गरिदिएको थियो । पछिल्लो समयमा एकीकृत नेकपा माओवादी बाट विभाजित भएर गठन भएको नेकपा-माओवादीले पार्टी विभाजन भएको कारण राष्ट्रिय स्वाधिनतालाई देखाए पनि उसले त्यसलाई प्रमाणित गर्न सकेको छैन । तत्कालिन संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको एमाओवादीकै कारण संविधान बन्न सकेन । संविधान बन्न नसक्नुको पछाडि कसको हात छ र के कारणले संविधान बन्न सकेन भन्ने प्रश्नको उत्तर नेकपा-माओवादीले समेत आजसम्म नखोजेको हुनाले नेकपा-माओवादी पनि विस्तारै एमाओवादीकै मार्गमा हिंडन उद्दत रहेको प्रमाणित हुँदै गएको छ ।

राजनीति भनेको उत्तम नीति हो । राजनीतिलाई मुलुकको हित र जनताको चाहना पुरा गर्ने कार्यका लागि परिचालित गरिनुपर्छ । यो विश्वव्यापी मान्यता हो । तर यहाँ भने राजनीतिलाई कमाई खाने भाँडो र आफ्नो व्यक्तिगत इच्छा र महत्वाकांक्षा पुरा गर्ने माध्यम बनाइने गरेको हुनाले जनतामा राजनीतिज्ञहरू प्रति आक्रोश मात्र बढ्दै गएको छ । पछिल्लो समयमा ट्रान्सफरेन्सी इन्टरनेशनलले गरेको मत सर्वेक्षणले पनि नेपालमा सबैभन्दा बढी भ्रष्टाचारीहरूको सूचिमा राजनीतिक दल र नेताहरू पर्नु भनेको मुलुकको लागि दुर्भाग्यको विषय हो । राजनीति जनता को सेवाका लागि हुन्छ, देश विकासका लागि हुन्छ भन्ने सिद्धान्तलाई उल्लघंन गरेर पछिल्लो समयमा राजनीतिलाई कमाई खाने भाँडो र सबैभन्दा राम्रो कमाई हुने उद्योगको रूपमा विकास गरिएको हुनाले भ्रष्टाचार बढेको हो । निर्वाचनमा जसरी भएपनि चुनाव जितेर आउनेलाई सफल मानिए पनि त्यसले जनतालाई कुनै असर पर्दैन । अर्थात् निर्वाचनमा चुनाव जित्नु नै सबै कुरा होइन । निर्वानमा धाँधली गरेर, पैसा, बाहुबल प्रयोग गरेर जनतालाई डर, त्रास देखाएर चुनाव जिते पनि जनताको विश्वास जित्न सकिँदैन । जनताको विश्वास जित्न सकेको खण्डमा चुनाव जित्न न त पैसाको आवश्यकता पर्छ, न त बहुबलको नै । अहिले चुनावको हल्ला व्यापक रूपमा फैलिएको छ । चुनाव हुने नहुने कुरामा विवाद कायमै रहेको छ । आफूहरूलाई ठूला दल हौं भन्ने दलहरूकै कारण चुनाव हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ । चार दल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेशी मोर्चा र उनीहरूद्वारा समर्थित खिलराज रेग्मी नेतृत्वको सरकार जसरी भएपनि चुनाव गराए छाड्ने र निर्वाचन हुन्छ भन्ने डंक पिटिरहेका छन् । समग्रमा हेर्दा आजको मितिसम्ममा निर्वाचनको वातावरण बनाउन चार दल र रेग्मी सरकारले सकिरहेका छैनन् । जसरी भएपनि निर्वाचन हुन्छ, गराएरै छाड्छौं भन्ने अडानले निर्वाचनलाई झन् पछाडि धकेलिरहेको आभाष पाउन थालिएको छ । जसरी भएपनि निर्वाचन हुन्छ भन्नुको अर्थ के ? निर्वाचन निर्वाचनका लागि मात्र नभएर संमस्या समाधानका लागि हुनुपर्छ यो नै विश्वव्यापी सिद्धान्त र मान्यता हो । रेग्मी सरकारका गृहमन्त्रीले जुनसुकै अस्त्र प्रयोग गरेर भएपनि निर्वाचन हुन्छ, गराएरै छाड्छौं भन्ने ठूला ठूला डंक पिटिरहेका छन् । के हो जुनसुकै अस्त्र भनेको ? के गृहमन्त्री माधाव घिमिरेले अस्त्रका बारेमा जनतालाई जानकारी दिनु पर्दैन् ? जुनसुकै अस्त्र भनेको के भारतीय सेना प्रयोग गरेर भएपनि चार दलीय सिन्डिकेटको स्वार्थ पूरा गर्नका लगि निर्वाचन गराउने ?

लोकतन्त्र वा प्रजातन्त्रको संस्थागत विकासका लागि निर्वाचन अनिवार्य आवश्यकता हो । निर्वाचन भनेको जनताको अभिमत जाहेर गर्ने एकमात्र थलो हो । त्यसैले निर्वाचन आवश्यक छ । तर निर्वाचन आवश्यक छ भन्दैमा निर्वाचनलाई कसैको व्यक्तिगत महत्वाकांक्षा पुरा गर्ने उद्देश्यले प्रेरित भएर निर्वाचन गराइनु हुँदैन । अहिले मुलुक नै विभाजित भएको छ । सरकार समर्थित चार दलबाहेका अन्य दलहरू मन्त्रिपरिषद्का अध्यक्ष एवं सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु पर्ने माग गरिहेका छन् । त्यसै विषयमा दलहरू विभाजित भएका छन् । चार दलभित्रै रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु पर्ने र नपर्ने विषयमा विवाद सिर्जना भएको अवस्थामा के निर्वाचन सम्भव छ ? सबै दलको सहमति बेगर गरिएको निर्वाचनले सार्थक परिणाम किमार्थ दिन सक्दैन भन्ने प्रमाणित त पहिलो संविधानसभाको निर्वाचन पछि गठन भएको संविधानसभाले नै दिएको छ । संविधानसभाको निर्वाचन जसरी भएपनि गराउने हो भने त्यसले न त संविधान निर्माण हुन्छ न त सम्याको समाधान नै । कुनै एक वा दुई पार्टीको कमजोर भूमिकाका कारण राष्ट्रको १० औं अरब रूपैयाँ स्वहा गर्न मात्र निर्वाचनको नौटंकी आवश्यक छैन । हिजो हत्या गरिएको संविधानसभालाई असफल बनाउन कसको कस्तो भूमिका रह्यो ? के कारणले संविधान बन्न सकेन, संविधान बन्न नसक्नुका प्रमुख कारणहरू के के हुन् भन्ने बुझ्दा-बुझ्दै तिनै असफल र असक्षम नेताहरूले फेरि निर्वाचन मार्फत् संविधानसभामा पुगेर संविधान निर्माण गर्छन् भन्ने ग्यारेन्टी के ? हिजोका बाधाहरू के-के थिए भनेर पहिचान भइसकेको अवस्थामा त्यसको निदान नगरी फेरि संविधानसभाको निर्वाचन गराएपनि त्यो संविधानसभाले कुनै हालतमा पनि संविधान निर्माण गर्न सक्दैन ।

हिजो संविधानसभाको माग गर्ने दलकै नेतृतवमा रहेको सरकारले संविधानसभाको हत्या गरिदियो । सर्वोच्च अदालतले ६ महिना अगाडि नै अब संविधानसभाको पदावधि थप्न सकिँदैन अर्थात् मिल्दैन त्यसबारण आवश्यक अन्य विकल्पहरू जस्तै जनमत संग्रहलगायतका अन्य विकल्पहरू बनाउ भन्दा कानमा तेल हालेर

बाँकी ६ पेजमा

**पछिल्लो समयमा एकीकृत नेकपा माओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीले पार्टी विभाजन भएको कारण राष्ट्रिय स्वाधिनतालाई देखाए पनि उसले त्यसलाई प्रमाणित गर्न सकेको छैन । तत्कालिन संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको एमाओवादीकै कारण संविधान बन्न सकेन । संविधान बन्न नसक्नुको पछाडि कसको हात छ र के कारणले संविधान बन्न सकेन भन्ने प्रश्नको उत्तर नेकपा-माओवादीले समेत आजसम्म नखोजेको हुनाले नेकपा-माओवादी पनि विस्तारै एमाओवादीकै मार्गमा हिंड्न उद्दत रहेको प्रमाणित हुँदै गएको छ ।**

# रत्नाकरहरू बाल्मिकी पथमा



राजन कार्की

राजनीतिका रत्नाकरहरू रत्नाकरको बानी सुधारेर बाल्मिकी बन्न नसकेपछि आम नागरिकहरू राजतन्त्र जिन्दावाद भन्न थालेका छन् । जनताले यस्तो नारा लगाउन थालेपछि राजनीतिक नेताहरूलाई पूर्वराजालाई धर्मको आडमा राजनीति गर्न बन्द गर्ने चेतावनी दिन थालेका छन् । पूर्वराजाको मुख बन्द होला, जनताको आवाजलाई नेताहरूले कसरी बन्द गर्छन् ? लोकतन्त्र भनेको लोकआवाज, लोकमत, लोकआकांक्षा, लोकाधिकार हो भने मुलुकले राजतन्त्रको आवश्यकताबोध गऱ्यो भन्ने स्पष्ट भइसकेको छ । पूर्वराजा ज्ञानेन्द्र शाह मध्यमधेसका विभिन्न पीठहरूको दर्शन गरेर राजधानी फर्किसकेका छन् । तर, सिङ्गो मधेसमा जनवाणी गुञ्जियो- राजा आउ देश बचाउ । लोकले यसरी राजाको आराधना किन गर्नुपऱ्यो ? लोकले किनारा लगाइसकेको राजतन्त्र किन खोज्नुपऱ्यो ? यसको सटिक जवाफ भनेको लोकतान्त्रिक गणतन्त्र हाँक्ने रथी, महारथीहरू असफल भए भन्ने हो । राजनीतिक नेताहरू जो सिंहदरवार, शितलनिवासबाट राजनीति हाँकिरहेका छन्, उनीहरूले जिम्मेवारी बहन गर्न सकेनन्, नैतिक धरातल गुमाए, राजनीतिक धर्म निर्वाह गर्न सकेनन् । त्यसैले आजित भएर जनताले पूर्वराजालाई भेट्नुपऱ्यो, हेर्नुपऱ्यो र भन्नुपऱ्यो- राजतन्त्र जिन्दावाद । यही अवाज असार २३ गते जन्मोत्सवको दिन निर्मल निवासमा पनि गुञ्जियो । यस्तो आवाज बिस्तारै घनिभूत हुँदै मधेस, पहाड, हिमालतिर बढ्दै गएको छ । अझै पनि रत्नाकरहरू बाल्मिकी पथ पछ्याउने संकेतसम्म देखाइरहेका छैनन् ।

असार ५ गतेको जनकपुरमा पूर्वराजाको अभिव्यक्ति अहिले पनि सिंहदरवार, शितलनिवास, बल्खु, सानेपा र पेरिसडाँडातिर विश्लेषणको विषय बनिरहेको छ । मध्यमधेशका जनताले किन राष्ट्रपतिकै घरगाउँ, मधेसी मोर्चाको गढ जनकपुरमा पूर्वराजाको अभिनन्दन गरे ? यो विषय राजनीतिक बृत्तमा मुटुको किलो गाडिएजसरी गाडिएको देखिन्छ । पूर्वराजाले अभिनन्दनको जवाफ यसरी दिएका थिए- 'एक सचेत देशभक्त एवं राष्ट्रिय दायित्वप्रति ख्याल राख्ने चरित्रका रूपमा मेरो पनि अहं भूमिका छ ।' पूर्वराजाको अभिव्यक्तिले स्वार्थ र सिंहदरवार केन्द्रीत राजनीतिक बर्गलाई नराम्ररी हडकम्प मच्चाइदिएको छ । नागरिकले निधो गरेको भूमिकामा आफ्नो अहं योगदानको खोजी गर्ने पूर्वराजाको अभिव्यक्तिले गैह्रजिम्मेवारलाई जिम्मेवार हुन र जिम्मेवार नहुने हो भने परिवर्तनको गर्भाधान गरेको छ । अव प्रतिक्षा छ मंसिर ४ को संविधानसभाको निर्वाचनको । निर्वाचन भएन अथवा निर्वाचनले संविधान दिन सकेन भने यसको विकल्पमा मध्यमधेसले मात्र होइन, एक श्वरले सिङ्गो नेपाली समाजले आह्वान गर्नेछ- राजतन्त्र जिन्दावाद ।

वाल्मीकी बन्न नसकेका रत्नाकरहरू राजनीतिको रथमा सवार छन् । पाखण्डीको कामै पाखण्ड देखाउनु । हाम्रा नेताहरू परिवर्तनका बाहकका आवरणका रूपमा त देखा परे तर अभियन्ता अरू नै रहेछन् भन्ने उदाहरण ०६३ सालपछिका ७ वर्षले प्रमाणित गरिदिएको छ । त्यसो त प्रणव मुखर्जी र श्याम शरणले उहिले नै नेपालको परिवर्तन हामीले ल्याइदिएका ह्वौं भनेर स्पष्ट गरिदिएका थिए भने एसडी मुनीले त किताव नै लेखेर नेपालबाटै उक्त पुस्तकसमेत सार्वजनिक गरेर नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको सुत्रपात भारतले गरिदिएको र नेपाललाई उपहार दिएको बताइदिए । तैपनि प्रचण्ड, सुशील, झलनाथ र मधेसी नेताहरू आफैले परिवर्तन ल्याएको भ्रमित दावी गर्न छाडेका छैनन् । यस्ता पाखण्डीहरूलाई के भन्नु र खोई ? हाम्रा नेताहरूमा परिवर्तन गर्नसक्ने आँट र ताकत भइदिएका भए, यिनीहरूसँग राजनीतिक सिद्धान्त, नैतिक बल र स्पष्ट लक्ष्य हुनेथियो । नेपाललाई अग्रगमनको स्वर्ग बनाउने अवधारणा भएको भए एक युगमा एकपटक हुने संविधानसभाको निर्वाचन सहज रूपमा सम्पन्न भयो, दुईवर्षको जनादेश लिएर जन्मेको संविधानसभाले ४ वर्षको कार्यकाल पूरा गऱ्यो तर परिवर्तनका रथी, महारथी हुँ भन्नेहरूले संविधान लेख्न सकेनन् । आश्चर्यपूण घटना त के देखियो भने 'विधानसभा हाम्रो एजेन्डा हो भन्ने प्रचण्ड, बाबुरामले नै सत्तामा बसेर संविधानसभाको बध गरे । यिनै ब्याधाहरू संविधानसभाको फेरि निर्वाचन गर्न अघि सरेका छन् । त्यो पनि राजनीतिक नेतृत्वको हातमा रहेको राज्यसत्ता कर्मचारीको हातमा दिएर । अर्थात्, जनआन्दोलन सफल भएपछि बहुदल र जनयुद्धको कालखण्डमा मुलुक र मुलुकबासीको रगत-पसिनाको सर्बत पिउनेहरू बाल्मिकी बन्न अघि सरेका थिए । मानौं, नेताहरू राजनीतिका महापण्डित हुन्, यिनले दुःख, दरिद्र र पीडा बोकेर बाँच्नेहरूलाई स्वर्गको सुखानुभूति गराउने छन् । तर, ०६३ सालपछिका एक एक दिन जनताका लागि कहर बन्यो, नेताहरू स्वार्थमात्र हेर्ने सुकुलगुण्डा पो बन्नपुगे ।

रत्नाकर ब्राम्हणकूलका दीपक थिए । उनको संगत खराव व्यक्तिहरूसँग भयो । संगत गुनाको फल भनेझैं रत्नाकर ज्यानमार्ने, ठग्ने, लुट्ने, कुट्ने, मार्ने, सोझासिधालाई दुःख दिने लतका आदि बन्नपुगे । हिंसा र व्यभिचार नै उसको स्वभाव बन्नपुग्यो । एकदिन रत्नाकरले स्वभावअनुसार लुट्न लाग्दा सप्त ऋषिहरू परेछन् । शान्त स्वभाव र ज्ञानी ऋषिहरूले रत्नाकरलाई अर्ति दिए- दुष्कर्म पाप हो, दुष्कर्म गर्दा आफैमाथि आइलाग्छ । ऋषिहरूको प्रतापले रत्नाकर बिस्तारै ज्ञानमार्गतिर आकर्षित हुनथाल्यो । ऋषिहरूले दिएको जप, तप गर्न थाल्यो । रत्नाकर जप, तपमा यसरी लीन हुनपुगे कि उनको शरीरमा धमिराले गुँड लगाउन थाल्यो । रत्नाकर एकचित्त, एकमन लगाएर तपस्यामा लीन भएको देखेर भगवानले उनलाई आदिकवि भएस् भनेर बरदान दिए । त्यसपछि रत्नाकर डाँकाको नाम 'बल्मिकी' अर्थात् धमिराको माटे ढिस्कोबाट पुनर्जन्म भएकाले उनको नाम बाल्मिकी भयो । जप र तपको प्रतापले रत्नाकरका डाँकाका रूपमा गरेका सबै अपराधहरू लोकले बिर्सिए । यिनै बाल्मिकीले रामायण लेखेको प्रमाण पूर्वीय दर्शन हो ।

**लोकतन्त्र भनेको लोकआवाज, लोकमत, लोकआकांक्षा, लोकाधिकार हो भने मुलुकले राजतन्त्रको आवश्यकताबोध गऱ्यो भन्ने स्पष्ट भइसकेको छ । सिङ्गो मधेसमा जनवाणी गुञ्जियो- राजा आउ देश बचाउ । लोकले यसरी राजाको आराधना किन गर्नुपऱ्यो ? लोकले किनारा लगाइसकेको राजतन्त्र किन खोज्नुपऱ्यो ? यसको सटिक जवाफ भनेको लोकतान्त्रिक गणतन्त्र हाँक्ने रथी, महारथीहरू असफल भए भन्ने हो ।**

स्वर्ग र नर्क पृथ्वीमै छ, मान्छेले यही जीवनमा स्वर्ग र नर्कको भोग गर्छ भन्ने मान्यता राख्ने हो भने माओवादीको १० वर्ष लामो जनयुद्ध र अन्य प्रजातन्त्रवादीहरूको १२ वर्षे कूशासनको टर्निङ प्वाइन्ट भनेको २०६३ साल वैशाख ११ गतेको संसद पुनर्स्थापना हो । त्यसपछि अन्तरिम संविधान बन्यो, संविधानसभाको निर्वाचन भयो र त्यो संविधानसभाको मृत्यु र जूठो सकिएको पनि वर्ष दिन नाघिसकेको छ । हिजोका रत्नाकरहरूलाई सप्तर्षिरूपी आमजनताले साथ दिए, ज्ञान दिए, सहमति र सहकार्य गर भन्ने अर्ति पनि दिए । तर, कलियुगका रत्नाकर परे हाम्रा नेताहरू । त्यसैले यिनीहरू आफूले आफैलाई लोकतान्त्रिक साँचोमा ढाल्न सकेनन् । पापकर्म, भ्रष्टाचार र कूशासनलाई यिनले धर्म ठाने । जसरी पनि सत्ता, शक्ति र सम्पत्ति कमाउनुपर्छ भन्ने यिनको मान्यता रह्यो । लोकतन्त्रको जगमा अलोकतान्त्रिक र अपवित्र धारणा बोकेका कारण जनादेश र जनआकांक्षा यिनलाई अपाच्य बन्यो । फलस्वरुप एकजना नेता पनि बाल्मिकी बन्न सकेनन् । राष्ट्र बाल्मिकीबिहीन रत्नाकरहरूको मुलुक बन्न पुगेको छ ।

सुवर्ण मौका मिल्यो प्रधानन्यायाधीशलाई । उनले पूर्व सचिवहरू जम्मा पारेर सरकार निर्माण गरे । आफू प्रधानन्यायधीश र मन्त्रिपरिषदको अध्यक्ष बनिरहे । चुनाव चुनाव भनेर नथाकेका शीर्ष दलहरू गाँड कोराकोर गर्न थालेका छन्, यही मौका हो भनेर खिलराज रेग्मीले पनि प्रधानन्यायाधीशबाट राजीनामा नदिने अड्डी लिन पुगेका छन् । चुनाव होस् कि नहोस्, यो राजनीतिक मामिलामा खिलराजले कुनै पर्वाह गरेका छैनन् । वातावरण बनाउ, निर्वाचन हुन्छ भन्ने उनको अभिव्यक्तिले खिलराज पनि रत्नाकर मार्काबाट बाल्मिकी बन्न तैयार देखिएनन् । त्यसो त राम नाम गरेका डा.रामबरण यादव राष्ट्रपति पदमा आसीन छन् । उनले न रामको पवित्रता कायम राख्न सके, न राष्ट्रलाई समस्या मुक्त पारेर बाल्मिकी बन्ने इच्छाशक्ति नै देखाए । उनलाई पनि सत्ता र भत्ता, शक्ति र सम्पत्तिकै लालसा देखियो । यसरी विश्लेषण गर्दै नेपालमा एकजना पनि बाल्मिकी बन्न तैयार छैनन् । जो हात, सो साथ गरेर रत्नाकरको हिंसामुखी रमाइलोमा राष्ट्रका नेतृत्व बर्ग मख्ख छन्, लठ्ठछन् । यिनको चेतना तन्तु मरिसक्यो, अव यिनले निर्वाचन गरेर लोकतान्त्रिक गणतन्त्रलाई जीवन्त पार्ने र लोकको जीवन पद्धतिमा रूपान्तरण गर्न सक्छन् भनेर आशा गर्न सकिने ठाउँ सकिसक्यो ।

रत्नाकरहरू यतिखेर स्ववियु निर्वाचनका मुखौटो बनेर देखा परेका छन् । निर्वाचन नामको दुरुपयोग गर्ने आजका विद्यार्थीहरू नै भोलिका लोकतान्त्रिक नेता हुने हुन् । यिनको जग नै धाँधली र हिंसाबाट उठेको छ भने यिनले चलाउने लोकतन्त्र कसरी बिधियुक्त र बुद्धशान्तिमय हुनसक्छ ? राष्ट्रिय राजनीतिक मैदानमा 'सान्चा पहलमानहरू' पहलमानी देखाइरहेका छन् भने विद्यार्थी राजनीतिक ऐनामा ठूला दलहरूको कालो अनुहार देखिनथालेको छ । रत्नाकर सिंहदरवार, शीतल निवास, त्रिभुवन विश्वविद्यालय, पार्टी कार्यालयहरू र केन्द्रदेखि मोफसलसम्म साँढे डुक्रिएजसरी डुक्रिरहेका छन् । लोकतन्त्र पागलहरूको दिनचर्याजस्तो लाग्न थाल्यो । बेश्याको शरीर बेच्छे, इमान बेच्दिन, हाम्रा नेताहरू त नङ्गा नाचे हजार दाउ गरिरहेका छन् । बलीको बोकोमाथि झुण्ड्याइएको नाङ्गो खुकुरीझैं सरकारको पिठमा घिरिङ खेल्ने चारदलीय सिण्डिकेट लोकतन्त्रमा नाङ्गो नाच हो । एकजना खिलराज न्यायपालिका प्रमुख र कार्यपालिका प्रमुख पनि बनेर गाईजात्रे बनिरहेका छन् । राष्ट्रपति यी सब तमासामा किनाराका साक्षी बनेका छन्, असन्तुष्टहरू बग्रेल्ती निर्वाचन भाँडा कुरा गरिरहेका छन्, । मुलुक भाडमे जाय, राष्टपतिलाई के मतलव ? अर्थात् रत्नाकर लोकतन्त्रको सदाबहार र सदाचार ब्राण्ड नेम बन्न पुगेको छ । यस्ता नेताहरूले नयाँ नेपाल र संविधानसभाको अर्को निर्वाचनबाट नयाँ संविधान बनाउने रे । कसले विश्वास गर्छ ?

यिनै रत्नाकरहरूले यतिखेर पूर्वराजा ज्ञानेन्द्र शाहले असारको निर्वाचन भाँडे, मंसिरमा पनि निर्वाचन हुन नदिएर राजनीतिक दलहरूलाई असफल पार्न कम्मर कसेर लागेका छन् भन्ने प्रचारबाजी सुरु गरेका छन् । एमाओवादी लगायतका शीर्ष दलका 'अतिवादी' सोच भएका असक्षमहरूले गरेको यो प्रचारबाजीका अनुसार 'राजतन्त्र हटेपछि राज्य सञ्चालनको सम्पूर्ण शक्ति आत्नो हातमा पाएका राजनीतिक दललाई हदैसम्म अलोकप्रिय बनाउन सके पुनः राजतन्त्र फर्कने सक्ने हुनाले पूर्वराजा ज्ञानेन्द्रले पूर्वपञ्च र राजावादीहरूलाई त्यस अभिष्ट पूरा गर्नका लागि प्रयोग गरिरहेका छन् । ज्ञानेन्द्र शाह त्यही ब्यूहरचनामा लागेका छन् ।' राजनीतिक विश्लेषकहरू भन्छन्- नाच्न नजान्ने आँगन टेडो भनेको यही हो । पूर्वराजाले २०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयन भएपछि आजसम्म कुनै पनि प्रकारको बाधा ब्यवधान खडा गरेका छैनन्, जनताको निर्णय मानेर बस्ने पूर्वराजालाई फेरि राजनीतिमा घिसारेर आफ्नो उल्लू सोझो गर्ने यस्तो प्रचार कूप्रचारमात्र हो । साँचो भन्ने हो भने जनादेशलाई स्वीकार गर्ने पूर्वराजाजति प्रजातन्त्रवादी त एकजना नेता पनि देखिएनन् । राजनीति असफल भयो, नेताहरू असफल भए र सत्ताको बागडोर अराजनीतिको हातमा गयो त यसमा ज्ञानेन्द्र शाहको हात कहाँनेर छ ? फेरि संविधानसभाको निर्वाचन गर्ने भनिए पनि राजनीतिक बिमति बढ्यो र निर्वाचन हुन नसक्ने देखियो त कहाँनेर ज्ञानेन्द्र शाहले षडयन्त्र गरे ? समस्या नेताहरूको रत्नाकररूपी चरित्रमा छ । उनीहरू आफै सच्चिन चाहँदैनन् भने पूर्वराजामाथि केको षडयन्त्रको आरोप ? बरू मंसिरमा पनि निर्वाचन भएन भने संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र र राष्ट्रबाद एक ढिक्का भएर लान र जानसक्ने सालको संविधान र राजतन्त्रको आवश्यकता जनताले देख्न थालिसकेका छन् । त्यतिखेर जनता घरघरबाट निस्किएर राजतन्त्र जिन्दावाद भन्न थाले भने बाल्मिकी बन्न नसकेका यी रत्नाकरूहरू कहाँ लुक्लान् ?

# A drama called terrorism

■ **Syed Irfan Ashraf**

TO borrow an idea from sociologist Victor Burner, terrorism in Pakistan has become a social drama. Almost every passing day offers something new, dramatic and unusual.

Terrorists provide the lead by carrying out planned attacks in different parts of the country. Next follow the rituals and rhetoric. The authorities' security briefs, political condemnations and citizens' vigils are scenes from the same drama, which inadvertently keep terrorism intact.

The handling of militancy in this way by officialdom has added to the spectacle of violence, with the public imagination imbued with the thought of 'more to come'.

This is enough for terrorism to become internalised, and therefore it is accepted as normal. This helps us understand why the KP information minister in his reaction to a bomb blast in Mardan that killed a number of people, including a parliamentarian, is reported to have said: "It's not doomsday."

Even though he retracted his statement, his denial does not make the issue less important.

Unfortunately, fear has pushed the entire civilian infrastructure into a state of confusion. If the opposition in KP blames the Pakistan Tehreek-i-Insaf government for its lack of courage to pass an Assembly resolution against the killing of 10 foreign tourists, the statements of politicians at the centre see a conspiracy behind the attack.

There is political caution in not linking this drama to the logical perpetrators — the Taliban. The political and military solution lies in perpetuating the ritual, instead of ending it.

Some aspects of our national character are also at work here. Decades of exploitation have cultivated in us the seeds of self-denigration and self-pity. The standard comment on a road that is bumpy, a bureaucrat who is exploitative and load-shedding realities is 'this is our country'.

Yet, there is the example of the Taliban in the same country whose performance is impeccable. In fact, it is hard to believe that somebody from this land can work so diligently to destabilise the country.

Let's not get distracted. My focus is not on the argument that rhetoric (statements) and rituals (Assembly resolutions) can dent the militants' strength. I want to elaborate on the absence of political resolve, which has left people complacent with the situation.

We should not ignore the fact that without political resolve, the official response through rhetoric and rituals can only lead to acceptance of terrorism. It is happening right now, where people feel the effects and see scenes of acts of terrorism, but they can't find the way out.

Official confusion and lack of resolve is clearly translated in the public vision to understand the drama. So far people largely believe in what they are told by media, politicians and state officials.

They need to break away from this pre-determined path by avoiding an approach that understands terror only in a black and white form. They have to challenge the state apparatus for its role in not curbing terrorism, the way they need to hold accountable all those supportive of militancy.

Through provocative statements, the forces of status quo still interpret their jihadi vision while sitting in public ranks. They test the water from time to time by reinforcing their identity, ideas and ideology to ensure that they still are the guardians of the ruling militant discourse.

After a wave of violence in Quetta in which militants set alight the Quaid's residence and killed several university students, the Jamaatud Dawa chief Hafiz Saeed reiterated his jihadi commitment.

While appealing to militant organisations to stop attacks inside Pakistan, he reiterated that 'jihad' would continue outside Pakistan. In plain words, he gave with one hand what he took away with the other.

Even in the midst of insane violence, provocative jihadi statements reflect that the archaic notion is still intact, which in the past had menaced the very continuity of the sway of the security institutions and their proxies.

Why then should we lament if one section of the proxies defies the strategic expectations of their mentors and falls back on us? The outcome is already reflected in whatever is happening all around.

Ten years of fighting against militancy should have helped us learn that terrorism is not going to end unless the state initiates steps to neutralise radical leaders. By serving as vital cogs in a predatory militant wheel, these leaders provide the youth with a reason to join militancy.

It does not need extra intelligence to understand that the jihadi enterprise of 'bad' Taliban is the reactionary outcome of the social process, which was adopted in the past to create the 'good' Taliban. The country has already paid a heavy price for this militant project, which was patronised by the state, exploited by politicians and recognised by society.

We have to understand that any discourse has other than purely intended consequences. Therefore, encouraging 'jihad' against others is not free from repercussions.

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.
Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको सूचना
कर प्रणाली सुधार वर्ष २०६९

आ.व. २०६९/०७० को आयकरको तेस्रो किस्ता बुझाउनु भयो ?
........................ अब थोरै दिन मात्र बाँकी छ !

आर्थिक वर्ष २०६९/०७० को कारोवारको आयमा तिर्नुपर्ने तेस्रो किस्ताको आयकर बापतको १०० प्रतिशत रकम यही असार मसान्तभित्रै सम्बन्धित ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा ब्याजबाट बचौं ।

"कर तिरौं, राष्ट्र निर्माणमा सहभागी बनौं ।"

# मधेश कब्जा गर्ने षडयन्त्र हुँदैछ

■ **रामसुकुल मण्डल**

मधेशवादीबीच एकताको सवाल अहिले एकदम चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । मधेशका केही दलहरु एकताको प्रयासमा छन् भने केही दलहरु यसलाई असम्भव भनेर विश्लेषण गरिरहेका छन् । मधेशको राजनीतिमा अहिले वितृष्णाको अवस्था सिर्जना भएको छ । एकातिर केही दलहरु एकता वा मोर्चाबन्दीमा लागेका छन् भने त्यही केही दलहरूले नेता तथा कार्यकर्ता पार्टीमा भित्र्याउनतिर व्यस्त देखिएका छन् । एक किसिमले भन्ने हो भने मधेशवादी दलहरूमा अहिले नेता कार्यकर्ता भित्र्याउने होडबाजी नै चलेको छ । तर, जे होस् मधेशवादी दलका नेताहरु प्रायः मधेशवादी पार्टीमा नै गइरहेका छन् न कि अरु खस पार्टीहरूमा । मधेशवादीहरूको लागि यो सकारात्मक कुरा हो कि मधेशवादी दल जति फुटे पनि अन्य दलमा नगई त्यसका नेता कार्यकर्ताहरु मधेशवादीमा नै गइरहेका छन् ।

संविधानसभाको विघटनदेखिको अवस्थालाई नियालेर हेर्ने हो भने एउटा मधेशवादी पार्टीबाट अर्को मधेशवादी पार्टीमा नेता कार्यकर्ता आउने र जाने क्रम चलिरहेको छ । यसबाट प्रष्ट बुझिन्छ कि मधेशवादी केही नेता कार्यकर्ताहरु अन्योलमा छन् । ती नेता कार्यकर्ताहरूले आफ्नो स्थान खोजिरहेका छन् । जेजति भएपनि संविधानसभाको मिति तोक्नभन्दा पहिले नै मधेशमा चुनावी चहलपहल सुरु भइसकेको छ । चुनावमा आफू कुन पार्टीबाट जित्न सकिन्छ भन्ने मानसिकतामा पनि कतिपय नेताहरु रहेको सजिलै बुझ्न सकिन्छ । कतिपय मधेशी बुद्धिजीवीका अनुसार मधेशवादी दलहरु एकजुट भएर आएन भने यसपालिको चुनावमा गत संविधानसभाको चुनावभन्दा पनि नराम्रोसँग पराजित हुने पक्का छ ।

गत संविधानसभाको परिणामलाई अध्ययन गर्ने हो भने सम्पूर्ण मधेशवादी (तीन पार्टी)लाई जति मत मधेशी जनताले दिएको थियो त्यसको भन्दा बढी गैरमधेशवादी पार्टीलाई मधेशी जनताले मत हालेका थिए । तर, जब-जब मधेशको अधिकारको कुरा आउँछ त्यो बेला ती गैरमधेशवादी पार्टीहरु यो मधेशवादीको मुद्दा हो भनेर भन्छन् । जब-जब मधेशको प्रमुख मागहरु मधेशवादीहरूले उठाउँछन् अनि त्यसबेला ती गैरमधेशवादी (खस) पार्टीहरु मधेशवादीलाई विखण्डनको संज्ञा दिन्छन् र उसको राष्ट्रियतामाथि शंका गरिन्छ । मधेशीलाई गैरनागरिकको रूपमा हेरिन्छ । यसप्रति मधेशी जनता पनि अब जागरूक भइसकेका छन् ।

मधेशमा आफ्नो पकड बलियो बनाउन ठूला दलका शीर्ष नेताहरु प्रचण्ड, सुशील कोइराला, माधव नेपाललगायतकाले विभिन्न किसिमका प्रयासहरु गरिरहेको देखिन्छ । मधेशवादीलाई मधेशमै अल्पमत र कमजोर तुल्याउन विभिन्न जालझेल र क्रियाकलापहरु गरिरहेका छन् । ठूला दलहरूको पकड पहाडबाट कम भइरहेकोले अब त्यसको भर्पाई मधेशबाट गर्न लागेका छन् । जहिले पनि मधेशलाई आफ्नो स्वार्थका लागि प्रयोग गर्न पल्केका नेताहरु फेरी पनि आफ्नो स्वार्थ सिद्ध गर्न लागिपरेको देखिन्छ । विगतको यिनीहरूको क्रियाकलापलाई मधेशी जनताले राम्ररी बुझिसकेका छन् कि कसको चरित्र कस्तो हो भनेर ।

**संविधानसभाको विघटनदेखिको अवस्थालाई नियालेर हेर्ने हो भने एउटा मधेशवादी पार्टीबाट अर्को मधेशवादी पार्टीमा नेता कार्यकर्ता आउने र जाने क्रम चलिरहेको छ । यसबाट प्रष्ट बुझिन्छ कि मधेशवादी केही नेता कार्यकर्ताहरू अन्योलमा छन् । ती नेता कार्यकर्ताहरूले आफ्नो स्थान खोजिरहेका छन् । जेजति भएपनि संविधानसभाको मिति तोक्नभन्दा पहिले नै मधेशमा चुनावी चहलपहल सुरू भइसकेको छ । चुनावमा आफू कुन पार्टीबाट जित्न सकिन्छ भन्ने मानसिकतामा पनि कतिपय नेताहरू रहेको सजिलै बुझ्न सकिन्छ । कतिपय मधेशी बुद्धिजीवीका अनुसार मधेशवादी दलहरू एकजुट भएर आएन भने यसपालिको चुनावमा गत संविधानसभाको चुनावभन्दा पनि नराम्रोसाग पराजित हुने पक्का छ ।**

विगतमा जति पनि सरकार बने यी ठूला दलहरूको नेतृत्वमा त्यसबाट मधेशले खासै उपलब्धी पाउन सकेन । ती सरकारहरूमा मधेशी अनुहारका मन्त्रीहरु त धेरै भए तर, तिनीहरुलाई नाम मात्रको लागि बनाइएको बुझियो । ती मधेशी अनुहार भएका मन्त्रीहरूले जब मधेशका लागि कुनै निर्णय गर्न खोज्यो भने त्यसलाई कुनै न कुनै प्रकारले अड्काइदिन्थ्यो । जस्तो गृहमन्त्री विजयकुमार गच्छदार हुँदा सेनामा मधेशीको १० प्रवेश गर्ने कुरा गर्‍यो तर त्यसलाई यी तीन ठूला दलले जालझेल गरेर पूरा हुन दिएन । त्यस्तै, समावेशी विधेयकलाई पनि पूरा हुन दिएन । मधेशीको हितमा केही गर्न खोज्यो कि कुनै न कुनै बहानामा रोकिदिने कार्य यिनीहरूबाट भइरह्यो । तर, त्यसको जिम्मेवारी मधेशवादीमाथि थुपारिने कार्य भयो ।

आफूलाई ठूला दल भनाउनेहरु सबैको आधारभूमि भनेको मधेश नै हो । कांग्रेसको उत्पति मधेशबाटै भएको हो तर जब मधेशका समस्याहरु समाधान गर्नुपर्दा मधेशवादी माथि थुपार्छन् । यदि कांग्रेसले मधेशको मुद्दालाई सम्बोधन गरेको भए आज मधेशवादी दलहरूको जन्म नै हुने थिएन । कांग्रेस जहिले पनि मधेशप्रति पूर्वाग्रही नै रहे । तत्कालीन कांग्रेसका सभापति एवं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेशी दलहरूसँग सम्झौता र सहमतिहरु गरे तर लागू गराउन जहिले बेइमानी नै गहिरहे । आज मधेशवादी दलका प्रायः अध्यक्षहरु कांग्रेसबाटै छुटिएर आएका छन् । कांग्रेसका वर्तमान सभापति सुशील कोइरालाले आफू पनि मधेशी नै भएको वक्तव्य दिएका थिए । तर मधेशका लागि के गरेको हो भन्ने कुरा कोइरालालाई नै थाहा होला ।

माओवादीले पनि आजकल आफूलाई मधेश केन्द्रित पार्टी बनाउनमा व्यस्त देखिएका छन् । एमाओवादी अध्यक्ष प्रचण्डले मधेशसँग लभ परेको बताउँदै आएका छन् । तर, जब एमाओवादीको नेतृत्वमा सरकार थियो त्यतिबेला एउटा पनि मधेशको मुद्दालाई लागू गराउन सकेन । एमाओवादीको संरचना हेर्ने हो भने कुनै पनि मधेशी नेतालाई उचित स्थान दिनसकेको छैन । माओवादीले आफ्नो पकड मधेशमा बनाउनका लागि मधेशी मोर्चालाई प्रयोग गर्ने रणनीति तयार गर्दैछन् । मधेशी मोर्चासँग सहकार्य गरेर चुनाव लड्ने तयारीमा छन् । तर, मोर्चाका दलहरुले कुनै पनि हालतमा गैरमधेशवादीहरूसँग मोर्चाबन्दी वा सहकार्य नगर्ने धारणा समय-समयमा राख्दै आएका छन् । तर, आफूलाई मधेशसँग लभ परेको भन्दै हिडिरहेका छन् । प्रचण्डको यही प्रसंगमा सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोको भनाईलाई हेर्ने हो भने प्रचण्डको लभ एकतर्फी रहेको दाबी छ । 'अब कुनै पनि हालतमा मधेशी जनताले सित्तैमा लभ गर्दैन', महतोको भनाई छ । उनका अनुसार विगतमा पनि विभिन्न नेताहरूले मधेशलाई आफ्नो चरण क्षेत्रको रूपमा प्रयोग गरिरहे तर उनीहरुको भनाई र गराईमा फरक रहेको छ । जब-जब चुनावको बेला आउँछ त्यो बेला आफूलाई मधेशी भन्ने गर्छन् र मधेशका पोसाक धोती, कुर्ता र गम्छा लगाउँछन् । तर, जब राष्ट्रिय पोसाकको कुरा आउँछ त्यो बेला दाउरा सुरुवाल र ढाका टोपीलाई मात्र मान्यता दिन्छन् । त्यो बेला मधेशीको पहिचान झल्किने पोसाकलाई कुनै महत्व नै दिंदैनन् ।

त्यस्तै, एमाले पार्टी पनि अहिले मधेश दौडाहामा लागेका छन् । एमाले पार्टीलाई दलित, जनजाति, मधेशीलगायतका नेताहरूले संघीयता विरोधीको संज्ञा दिंदै निस्किसकेका छन् । एमालेका नेतृत्वपंक्तिहरूले जहिले पनि मधेशी नेताहरूलाई शंकाको नजर हेर्दै आएका छन् । मधेशवादीले आफ्नो अधिकारको कुरा गर्‍यो भने विखण्डनकारी जस्ता आरोपहरु लगाउने गरेका छन् । तर, चुनावको बेला आउँदा आफूलाई ठूलो मधेश भक्ति देखाउन खोज्छन् । चुनावका बेला एमालेका वरिष्ठ नेता माधव नेपाल पनि आफूलाई मधेशी नै भन्न रुचाउँछन् र आफ्ना निर्वाचन क्षेत्रमा जाँदा मधेशी पहिरनमा देखिन्छन् । तर, जति बेला राष्ट्रिय पोसाकको रूपमा घोषणा भयो त्यो बेला माधव नेपाल नै प्रधानमन्त्री थिए । त्यो बेलामा उनलाई मधेशी पहिरन याद आएन ।

भनाईको तात्पर्य के हो भने आफूलाई ठूला भनाउने दलहरुको चुनावको बेलामा मात्र मधेशलाई सम्झिने गर्छन् । मधेशलाई आफ्नो भोट बैंक ठान्नेहरूले आफ्नो स्वार्थका लागि प्रयोग त गर्छन् तर त्यस वापतको प्रतिफल मधेशलाई दिंदैनन् । मधेशलाई सधैं आफ्नो चरण क्षेत्रको रूपमा प्रयोग गर्दै आइरहेका छन् ठूला दलहरु । आजसम्म ठूला दलहरूले मधेशलाई केही पनि दिएको छैन, आश्वासन बाहेक । चुनावको बेलामा मात्र 'भेष बदलेर मधेश' प्रवेश गर्ने गरेका छन् । जतिबेला सत्तामा हुन्छन् त्यतिबेला 'मधेश'को 'म' पनि उच्चाहरण गर्न रुचाउँदैनन् । मधेशीलाई अधिकारको कुरा गर्दा विदेशीको नजरले हेर्ने गरिन्छ ।

निष्कर्षमा भन्नुपर्दा मधेशलाई फेरी एकचोटि आफ्नो अधिकारबाट वञ्चित गराउन यी खसवादी शासक पार्टीहरूले प्रयास गरिरहेका छन् । उनीहरूले मधेशवादी पार्टीहरूलाई मधेशमा नै अल्पमत पारी 'फुटाउ र राज गर'को मानसिकता देखिएका छन् । यसपालीको चुनावमा जसरी पनि मधेशी जनताले मधेशवादीलाई नै जिताउने पर्ने आवश्यकता छ । यो कुराको महसुस मधेशी जनताले पनि गरिरहेका छन् । विगतमा जेजति टुटफुट भए पनि मधेशी, आदिवासी, जनजाति, दलित, शोषित, पीडित, उत्पीडनमा परेका जनताहरूको लागि मधेशवादीहरूले नै आवाज उठाउने हो । यो कुरा विगतको संविधानसभामा छर्लङ्ग भइसकेको छ । मधेशका विश्लेषकहरूका अनुसार ठूला दलहरु मधेशमा गएर जति नाटक, नौटंकी गरे पनि मधेशी जनताले सबै बुझिसकेका छन् र अब मधेशीको मत मधेशवादीलाई जानेछन् ।

तर, मधेशमा एउटा अन्योलको वातावरण सिर्जना भएको छ । निर्वाचन आयोगमा दर्ता भएका दलमध्ये ३० वटा मधेशवादीको दल रहेका छन् । एक किसिमले केही मिडियाहरूले मधेशी जनताले कसलाई भोट दिने जस्ता कुरा गरिरहेका छन् । वास्तवमा सबै मधेशवादी दलको एजेन्डा एउटै हो भने एउटै छातामुनि आएर चुनाव लड्दा परिणाम राम्रो आउँला । मधेशी जनतालाई पनि सजिलो हुन्थ्यो । तर, यति धेरै दल भएपछि कसैले पनि बहुमत ल्याउन सक्दैन र फेरी सबै हैसियत सानो हुन्छ । सिट संख्या थोरै भएपछि आफ्ना मुद्दाहरुलाई ठोस रूपमा राख्न अप्ठ्यारो हुन्छ । त्यसका लागि मधेशवादी दलहरूबीच मिल्नुको कुनै विकल्प रहेको छैन ।

*(मधेश दर्पण फिचर सेवा)*


मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल बिजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको

**अत्यन्त जरुरी सूचना**

मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्यरुपमा बिजक दिनुपर्ने र क्रेताले पनि बिजक लिनु पर्ने व्यवस्था रहेको छ । बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । बिक्रेताले बिजक जारी गरेको नपाइएमा वा कारोबार मूल्य भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००।-(पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरुपमा बिजक जारी गर्न हुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा बिजक लिन हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व बिभाग

# विश्व हतियार बजारमा चीनले बेलायतलाई उछिन्यो

■ **शलिफ दीन**

संयुक्त राष्ट्रसङ्घ । विश्वकै दोस्रो ठूलो अर्थतन्त्र भएको मुलुकका रूपमा जापानलाई उछिने लगत्तै चीनले अर्को कोशेढुङ्गा चुमेको छः विश्वकै पाँचौं ठूलो हतियार निर्यातकर्ता बेलायतलाई विस्थापन गरेर । स्टकहोल्म अन्तर्राष्ट्रिय शान्ति अनुसन्धान इन्स्टिच्यूट (सीप्री) ले हालै सार्वजनिक गरेको एक प्रतिवेदनले भनेको छ, "सन् १९९२ मा शीतयुक्तको समाप्तिपछि विश्वका सबैभन्दा माथिल्ला हतियार निर्यातक मुलुकमध्ये पहिलोपटक चीन पाँचौं स्थानमा उक्लेको छ ।"

चिनीया हतियारहरु पश्चिमा मुलुकका परिस्कृत हतियारभन्दा कसरी बढी प्रभावशाली भइरहेका छन् त भनी सोधिएको एक प्रश्नमा सीप्रीका वरिष्ठ अनुसन्धाता डा पल होल्टोम भन्छन्, "रूस, युक्रेनजस्ता मुलुकका हतियारको तुलनामा चिनीया हतियारको बजारले अल्पकालीनदेखि मध्यमकालीनसम्म स्थान कसरी ओगट्दैछ भनेर विचार गर्नुपर्ने अवस्था अहिले छ ।"

होल्टोम भन्छन्, चीनका हतियारको माग गर्ने राष्ट्रहरूमा खासगरी एसिया, अफ्रिका, मध्यपूर्व र केही अमेरिकी न्यून आय भएका मुलुकहरु रहेका छन् । चीनको उदय मुख्यरूपमा पाकिस्तानले हातहतियारको खरिद व्यापकरूपमा गरेपछि नै भएको हो । यो देशलाई चिनीया प्रतिनिधिमण्डलले आफ्नो इजरायल नै भन्ने गर्दछन् ।

संयुक्तराज्य अमेरिका इजरायलमा सर्वाधिक हतियार आपूर्ति गर्ने राष्ट्र हो र यो लामो समयदेखिको राजनीतिक, आर्थिक र सैनिक सहयोगी मुलुक पनि हो । सीप्रीका अनुसार पांच वर्षको अवधिमा अर्थात् २००८-१२ को बीचमा पांचवटा सबैभन्दा बढी हतियार आपूर्तिकर्ता मुलुकहरूमा संयुक्तराज्य अमेरिका (३० प्रतिशत), रूस (२६ प्रतिशत), जर्मनी (सात प्रतिशत), फ्रान्स (६ प्रतिशत) र चीन (५ प्रतिशत) रहेका छन् । कम्तीमा सन् १९५० यता बेलायत माथिल्ला पांच राष्ट्रको सूचीमा नपरेको यो पहिलोपटक हो । सीप्रीको अध्ययनमा समग्रमा प्रमुख परम्परागत हतियारको अन्तर्राष्ट्रिय व्यापारमा सन् २००३-२००७ को तुलनामा २००८-१२ मा झण्डै १७ प्रतिशतले वृद्धि भएको छ । परम्परागतरूपमा विश्वका पांच मुख्य हतियार निर्यातकर्ताहरु नै सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रहरु रहेका छन् । यही राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले मुख्यरूपमा विश्वमा युद्ध र शान्तिको घोषणा गर्ने गर्दछ ।

विश्वमा हाल तेस्रो हतियार निर्यातक राष्ट्र जर्मनी सुरक्षा परिषद्को सदस्य छैन, तर बेलायत यो टोलीमा सामेल छ । हतियार निर्यातकका अलावा चीन सन् २००८-१२ को अवधिमा सर्वाधिक हतियार आयातकर्ता मुलुक पनि हो । एसिया र ओसियानाका मुलुकहरूले प्रमुख परम्परागत हतियारहरूमध्ये विश्वमै झण्डै आधा (४७ प्रतिशत) खरिद गर्दछन् । विश्वका पांच प्रमुख हतियार खरिदकर्ता मुलुकहरूमा भारत (१२ प्रतिशत), चीन (६ प्रतिशत), पाकिस्तान (५ प्रतिशत), दक्षिण कोरिया (५ प्रतिशत) र सिंगापुर (४ प्रतिशत) रहेका छन् । यी सबै मुलुक एसियामै छन् । पूर्वी र दक्षिण चीन सागरमा सीमा विवाद चर्कनासाथ हतियार खरिदमा यस्तो बढोत्तरी भएको हो ।

अधिकांश विकासशील मुलुकहरूले चिनीया हतियार खरिद गर्नुमा सस्तो मूल्य हो वा बेइजिङले राजनीतिक शर्त नराख्ने भएर हो वा मानव अधिकारका विषयलाई नउठाउने गरेकधा कारणले हो भनी सोधिएको प्रश्नमा होल्टोम भन्छन्, कुन चाहिं आकर्षणको कुरा हो यो यकिनसाथ भन्न सकिन्न ।

लागत र दीर्घकालीन व्यवस्था पनि कारण हुन सक्छन् जस्तै लामो अवधिको न्यून ब्याजमा ऋण, साटासाट, उनले भने । उदाहरणका लागि, मस्कोका केही विश्लेषणको दृष्टिबाट हेर्दा रूसमा निर्मित एस-३०० साम प्रणालीका हतियार इरानलाई बिक्री नगर्ने निर्णयले रूसको प्रतिष्ठामा आँच पुगेको थियो र यसबाट चीनले लाभ लिने अनुमान गरिएको थियो । विगत लामो समयदेखि इरान नै रूसको सुरक्षित र भरपर्दो हतियार आपूर्तिकर्ता मुलुक थियो । होल्टोम भन्छन्, विकिलीक्सले चिनीया कम्पनीहरु पनि मानव अधिकारका सरोकार र संयुक्तराज्य अमेरिकी दबाबमा पर्ने गरेको संकेत गरेको छ । "तर अन्य प्रमुख आपूर्तिकर्ता जस्तै युरोपेली युनियनका सदस्य राष्ट्रहरूको तुलनामा सुरक्षित हतियार आपूर्तिकर्ताको रूपमा चीनलाई लिने गरिन्छ । युरोपेली युनियनले सदस्य राष्ट्रहरूमा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन गरेको अवस्थामा त्यस्ता मुलुकलाई हतियार आपूर्ति गर्न नसक्ने साझा समझदारी गरेका छन्," उनले बताए ।

उनको विचारमा चीनसँग हतियार बिक्रीका सम्बन्धमा तीनवटा सिद्धान्त मुख्यरूपमा कायम छन् : हतियार लिने मुलुकको आत्मरक्षा क्षमतामा योगदान पुर्‍याउने, क्षेत्रीय वा विश्व शान्ति, सुरक्षा र स्थायित्वमा हानि नपुर्‍याउने तथा हतियार प्राप्तकर्ता मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने । होल्टोम सन् १९९० को पछिल्लो दशकको सुधारपछि चिनीया हातहतियार उद्योगमा व्यापकरूपमा महत्वपूर्ण विकास भएको बताउँछन् ।

तथापि, उनको विचारमा केही क्षेत्रले अन्य क्षेत्रको तुलनामा बढी उन्नत प्रणाली विकास गर्न सक्षम भएका छन् र चिनीया मुक्ती सेना (पीएलए) र निर्यात गरिने हतियारबीच पनि निकै भिन्नता रहीआएको छ ।

सीप्रीका अनुसार चीनले निर्यात गर्ने सामग्रीहरूमा न्यून लागतका र पुराना प्रणाली रहेका छन् जस्तै एफ-७ लडाकु हवाई जहाज । तथापि, जेएफ-१७/एफसी-१ लडाकु जहाज पाकिस्तानलाई बिक्री गरिएका छन् र यहीकारण सीप्रीमा चीनको स्थान माथि उक्लेको हो । यी लडाकु जहाज किन्न केही अन्य मुलुकले पनि रुचि देखाएका छन् ।

जे-१० लडाकु हवाई जहाजजस्तै यी सामग्रीमा रूसी हातहतियारकै समकक्षी उपकरणहरु रहेका छन् जसले निर्यात र प्रतिस्पर्धा बढाउन ठूलो भूमिका खेलेको छ । लडाकु टैंक, बख्तरबन्द गाडी, तोप, जहाजप्रतिरोधी क्षेप्यास्त्र र हवाई प्रतिरक्षा प्रणाली (म्यानप्याड्स) का सम्बन्धमा चीनले केही ग्राहक पाइसकेको छ र सम्भवतः चीनले सस्तोमा यी उपकरण दिएकाले उनीहरु आकर्षित भएका हुन् । भनाइ छ कि आपूर्ति गरिएका उपकरण, शर्त र तालिम कार्यक्रममा पनि निकै बढोत्तरी भएको छ ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

## सुजुकीको नयाँ सोरूम थापाथलीमा

काठमाडौं । नेपालका लागि सुजुकी मोटरसाइकलको आधिकारिक विक्रेता दि गणेश इन्टरप्राइजेज प्रालिले थापाथलीस्थित 'रघु ट्रेडिङ प्रालि'लाई नयाँ डिलरको रूपमा साझेदारी बनाएको छ । दि गणेश इन्टरप्राइजेज प्रालिले नेपालमा सुजुकी मोटरसाइकलका विभिन्न मोडलका प्रोडक्ट उपलब्ध गराउँदै आएको छ । यसमध्ये १३४० सिसीको सुजुकी बी किङदेखि १२५ सिसीको मोटरसाइकल तथा स्कुटर उपलब्ध गराउँदै आएको कम्पनीले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । 'सुजुकी मोटरसाइकलको उच्च गुणस्तरयुक्त मोटरसाइकल तथा स्कुटरको माग दिनप्रतिदिन बढेकाले हामीले दि गणेश इन्टरप्राइजेज प्रालिसँग साझेदारी गरेका हौं । हामीलाई सुजुकी मोटरसाइकलले अझै धेरै ग्राहकको मन जित्न सफल पार्नेछ भन्ने पूर्ण विश्वास छ,' रघु ट्रेडिङ प्रालिका प्रबन्ध निर्देशक इमानसिंह बस्नेतले भने । नायक राजेश हमालले सोरूमको रिबन काटेर उद्घाटन गरेका थिए ।

यसै अवसरमा सुजुकी मोटरसाइकलले नयाँ प्रोडक्ट 'इन्जुमा जिडब्ल्यूं २५०' पनि बिक्री खुला गरेको छ । यो अहिले नेपाली बजारमा कालो र रातो कलरमा उपलब्ध छ ।

## ठूला दलकै कारण...

बस्ने कथित तिनै ठूला भनिएका दलहरूले अहिले फेरि संविधानसभाले संविधान निर्माण गर्छ भन्ने ग्यारेन्टी जनतालाई दिन सक्छन् ? हिजो विवादित रहेका मुद्दाहरू जस्तै संसदको स्वरूप, कार्यकारी प्रमुख राष्ट्रपति कि प्रधानमन्त्री, प्रदेशको संख्या कति हुने, न्यायालयको स्वरूप कस्तो हुने, प्रदेशहरूको नामाकरण कसरी गर्ने, प्रदेशमा विधायकको संख्या कति हुने, केन्द्र कति सदनको हुने, संख्या कति हुने जस्ता अनेकौं विषयका विवादहरू आजसम्म हल हुन सकेको छैन । अरू त अरू संविधानको नाम के हुने भन्ने विषयमा समेत विवाद रहेको अवस्थामा गरिने निर्वाचनले कस्तो परिणाम देला ? दलका नेताहरूमा एक अर्काप्रति विश्वास छैन । अलग-अलग दलमात्र होइन, एउटै दलभित्र पनि एकले अर्कोलाई विश्वास गर्न सक्ने वातावरण नभएको अवस्थामा गर्न लागिएको निर्वाचनले सार्थक परिणाम दिन्छ भन्नु हुटिट्याउँले आकाश थम्छु भन्नु सरह बाहेक अन्य केही हुन सक्दैन । प्रजातन्त्रलाई व्यक्तिगत स्वार्थ र व्यक्तिगत महत्वाकांक्षा पुरा गर्ने गरी व्याख्या गर्न थालिएको हुनाले प्रजातन्त्र वा लोकतन्त्रकै उपहास भएको छ । लोकतन्त्रमा लोक जनता र तन्त्र भनेको राज भन्ने अर्थ राख्छ, तर हाम्रा नेताहरूले लोक भनेको आफू र तन्त्र भनेको मनपरी भन्ने अर्थ लगाएर अगाडि बढेका हुनाले राजनीतिज्ञहरू प्रति जनता आक्रोशित हुँदै गएका हुन् । प्रजातन्त्र भनेको जनताद्वारा जनताको लागि जनताबाटै शासन गरिने व्यवस्था हो, तर आज त्यसलाई उल्टाएर जनतामाथि नेताहरूले नेताहरूको स्वार्थ र व्यक्तिगत महत्वाकांक्षा पुरा गर्न शासन गरिने व्यवस्थाको रूपमा परिणत गर्ने प्रयास गरिएको हुनाले लोकतन्त्र वा प्रजातन्त्रको नै उपहास भएको छ ।

नेकपा-माओवादीले चार दलले गत फागुन ३० गते गरेको ११ बुँदे सहमति र त्यसैको आधारमा चैत्र १ गते गरिएको संविधानको बाधाअड्काउ फुकाउ धारा १५८ मार्फत् संविधानका २५ वटा प्रावधानहरूको संशोधनपंति नै विरोध जनाउँदै चार दल र रेग्मी सरकारद्वारा प्रस्तावित मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचन बहिष्कार गर्ने घोषणा सहित सडक संघर्षका कार्यक्रमहरू अगाडि ल्याएको छ । नेकपा-माओवादीको माग छ, '११ बुँदे र २५ बुँदे खारेज गरी रेग्मी सरकारलाई बर्खास्त गर्दै राजनीतिज्ञ व्यक्तिको नेतृत्वमा सर्वदलीय सरकार गठन, त्यस्तो सरकार गठनका लागि गोलमेच, सम्मेलन वा सर्वदलीय सम्मेलनको माग अगाडि सारेको छ । चार दलीय उच्चस्तरीय राजनीतिक संयन्त्रले नेकपा-माओवादीका मागका सम्बन्धमा लचिलो हुने संकेत दिए पनि ११ बुँदे, २५ बुँदे र रेग्मी सरकारको राजिनामाका बारेमा सोच्न नसकिने निर्णय गरेको हुनाले चार दल नै निर्वाचनमा जान चाहँदैनन् भन्ने प्रमाणित हुँदै गएको छ । मोहन वैद्य अध्यक्ष रहेको नेकपा-माओवादीले गोलमेच सम्मेलनको माग र पूर्वराजाको जन्मोत्सवमा पूर्वराजालाई सक्रिय हुन हजारौं व्यक्तिहरूले निवासमै पुगेर अनुरोध गर्नुले प्रमाणित हुन्छ, दलहरूको अकर्मण्यता र नालायकीपन । पूर्वराजाले मुलुकको केही ठाउँको भ्रमणमा जाँदा त्यहाँ उपस्थित सर्वसाधारण जनताले आफूहरूले दुःख कस्ट पाएको भन्दै पूर्व राजालाई सक्रिय हुन आग्रह गरेका थिए । निषेधको राजनीतिले कसैलाई केही समयका लागि फाइदा गरेपनि मुलुकले भने ठूलो नोक्सानी बेहोर्नु पर्ने हुन्छ, त्यसैकारण अब भरिसक्य निर्वाचन आयोगमा निर्वाचन प्रयोजनका लागि निवेदन दिएका सबै दल वा त्यसमा विवाद भए हत्या गरिएको संविधानसभामा उपस्थित भएका र त्यहीबाट विभाजित भएका सबै दल र पूर्व राजा सहितको सर्वदलिय सम्मेलन बोलाएर त्यसैबाट समस्याको सामाधान खोजिएमा मुलुकले निकास पाउन सक्छ । नेकपा-माओवादी सहितको आन्दोलनमा रहेका अन्य दल र पूर्व राजा र राजसंस्था समर्थीत दुबै सँग शक्ति भएको हुनाले उनिहरूलाई निषेधको बदला वार्तामा ल्याएर अगाडी बढेको खण्डमा मात्र मुलुकले निकास पाउने भएको हुनाले त्यसतर्फ चार दलिय सिन्डिकटले सोचोस् ।

*DevendraChudal@gmail.com*

# फुल्पिङकोटमा खतरै खतरा

■ **अमान्था परेरा**

झिर्पु फुल्पिङकोट, काठमाडौंबाट पूर्वतर्फ करिब ११० किलोमिटरको दूरीमा अवस्थित हिमालयको काखमा रहेको झिर्पु फुल्पिङकोटका बासिन्दाहरु खतराको उच्च जोखिममा छन् । जलवायु परिवर्तनको असरबाट उच्च हिमालहरुमा नकारात्मक असर परिरहेकाले भोटेकोशी नदी किनारामा रहेका यी गाउँबासीहरुले ठाउँ खाली गर्नुपर्नेसम्बन्धी चेतावनीयुक्त सन्देशहरु नित्य पाइरहेका हुन्छन् ।

हुनपनि उनीहरुको चिन्ता आधारहीन छैन । मिलान विश्वविद्यालयका विज्ञहरूले गरेको अनुसन्धानले हिमालय क्षेत्रको सगरमाथा क्षेत्र अर्थात् खुम्बु क्षेत्रको हिउँरेखामा विगत ५० वर्षमा १८० मिटरले कमी आइसकेको देखाएको छ । यही कारण हिउँ नदीमा १३ प्रतिशतले कमी आएको छ ।

केही दिनअघि सबैको आँखा संसारको सबैभन्दा अग्लो शिखर, ८,८४८ मिटर अग्लो सगरमाथातर्फ एकोहोरिएको थियो । नेपाल र चीनको सीमामा अवस्थित सगरमाथामा मानवले पाइला टेकेको ६० वर्ष पुगेको उपलक्ष्यमा कार्यक्रम भइरहेका थिए । तर मानवले सगरमाथा चुमेको अवसरमा खुशियाली मनाइरहँदा यस क्षेत्रमा हिउँको मात्रा घटेकोमा सर्बत्र चिन्ता छाएको थियो । सगरमाथा क्षेत्रमा हिउू तीव्ररुपमा घटेको र नाङ्गा चट्टानहरु देखिएको अवस्थाले सबैलाई चिन्तित बनाएको थियो ।

इटाली अनुसन्धाता टोलीको नेतृत्व गरेका सुदीप ठकुरीले तापमान वृद्धिको सम्भावित कारणबाटै निरन्तररुपमा हिउँ पग्लने क्रम बढेको आईपीएसलाई बताए । गत वर्षको तुलनामा यो वर्ष यस क्षेत्रको तापक्रम ०.६ डिग्री सेल्सियसले बढेको उनीहरुको अध्ययनले देखाएको छ ।

यसका साथै, प्राकृतिक बाँधले बरफलाई पग्लनबाट रोक्ने हिउँनदी विस्फोट हुनुमा दुईवटा कारण प्रमुखरुपमा देखिएका छन् जसले तल्लो भेगमा बसोबास गर्ने मानिसलाई जोखिम उत्पन्न गराउँछ ।

हिउँ पहिरो, भूस्खलन, उच्च पानीको दबाब र हिउँआँधीले हिउँनदी विस्फोट हुनसक्छ जसबाट केही घण्टामै लाखौं क्युविक मिटर पानी निस्कन्छ र प्राकृतिक प्रकोपको अवस्था सृजना हुन्छ, दिगो विकासप्रति समर्पित गैसस जर्मनवाचले गरेको अध्ययनले देखाएको छ ।

हिमनदी विस्फोटका घटना नयाँ भने होइनन् र विगतको शताब्दीमा वैज्ञानिकहरूले यस्ता हिउूपोखरी विस्फोटका कम्तीमा ५० वटा घटना भइसकेको जनाएका छन् । तीमध्ये सबैभन्दा ठूलो घटना सन् १९५४ मा तिब्बतको साङवाङ चो हिउँताल विस्फोटका क्रममा भएको थियो । यो तालको विस्फोटबाट तल्लो भेगमा रहेका ग्याङजी (१२० किमी टाढा) र सिगाजे (२०० किमी टाढा) सहरमा बाढी पसेको थियो । अहिले, विज्ञहरूले यी तालहरु विगतको भन्दा चाँडो भरिन लागेको र नयाँ तालहरु निर्माण हुनेक्रम पनि तीव्र भइरहेको चेतावनी दिइरहेका छन् । "यदि तापमान वृद्धि निरन्तर भइरहे हिउँनदी पातलिने खतरा अझ बढ्छ," एकीकृत पर्वतीय विकाससम्बन्धी अन्तर्राष्ट्रिय केन्द्र

(इसीमोड) का कार्यक्रम संयोजक प्रदीप मूल भन्छन् । उनी हिमतालको विस्फोटबाट आउने बाढीको प्रकोप निकै बढ्ने खतरा रहेको बताउँछन् ।

इसीमोडको अनुसन्धान अनुसार पश्चिमको अफगानिस्तानदेखि पूर्वको म्यान्मारसम्म फैलिएको हिन्दुकुश हिमालय क्षेत्रमा २०,००० भन्दा बढी हिमताल रहेका छन् । पूर्वी नेपालको दुधकोशी नदीको जलाधार क्षेत्रमा २७८ वटा हिउँनदी छन् र कतिपय यी नदीहरु वर्षैपिच्छे ७४ मिटरको दरले खिइरहेका छन् । मूलको भनाइमा यो क्षेत्रमा रहेका ३४ वटा तालमध्ये दशवटा खतराको उच्च जोखिममा रहेका छन् ।

मूलले भूकम्पले पनि अर्को खतरा निम्त्याउने बताएका छन् । "हिन्दुकुश हिमालय क्षेत्र भौगर्भिक अस्थिरताको उच्च विन्दुमा छ । भूकम्पले पनि हिमतालहरु विस्फोटन गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ," उनले जोड दिए ।

सेतीखोला क्षेत्रमा विगत ५०० वर्षमा कम्तीमा एउटा हिमताल विस्फोट भएको रेकर्ड उपलब्ध भएको वैज्ञानिकहरूले जनाएका छन् । त्यो विस्फोटनका क्रममा पोखराको पश्चिमी क्षेत्रमा ५० मिटरसम्म ढुङ्गामाटो थुप्रिएको थियो । ठकुरीका अनुसार हिउूनदीको भविष्य मुख्यरुपमा जलवायुमा निर्भर रहेको छ । यी हिमतालको विस्फोटबाट हुन सक्ने क्षतिका बारेमा अझ ठोस वैज्ञानिक अनुसन्धान आवश्यक रहेको उनको भनाइ छ ।

तर हिमालयको काखमा बसोबास गर्नेहरु सम्भावित प्रकोपका दुस्परिणामका बारेमा निकै जानकार छन् । झिर्पु गाउँको माथिल्लो भेगमा रहेको उच्च हिमाली पर्खालमा भिषण वर्षासँगै माटो उप्किएर गहिरा खाल्डा परिरहेको गाउँवासीहरुले देखिरहेका छन् । भोटेकोशी नदीसँगै निर्माण गरिएको लघु जलविद्युत् गृहमा राखिएको चेतावनी प्रणालीले कुनै सम्भावित हिमताल विस्फोटका सम्बन्धमा स्थानीयवासीलाई जानकारी गराउँछ ताकि उनीहरु सुरक्षित स्थानमा जान सकुन् । तथापि, विद्युत् गृहका निमित्त व्यवस्थापक जनकराज पन्तले चेतावनीको समयावधि करिब ६ देखि १० मिनेटको मात्र हुने बताए । उनले यो चेतावनी नेपाली सीमाक्षेत्रसम्म मात्र कायम हुने पनि जनाए । तर हिमतालले नोक्सान पुऱ्याउने क्षेत्रहरु नेपालको यो गाउँ र तिब्बतमा रहेका छन् ।

इसीमोडका मूलले हिमताल र त्यहाू पानीको सतहको राम्रो अनुगमन गर्नुपर्ने आवश्यकता रहेको बताए । हिमतालमा जम्मा भएको अतिरिक्त पानीलाई तालबाहिर निकाल्न नेपाल र भूटानमा केही प्रयत्न भएका छन्, तर मूलका भनाइमा यस्ता सुरक्षात्मक कार्यहरूलाई अझ बढी समन्वयात्मक किसिमबाट गरिनु आवश्यक छ ।

यस्तो कार्यमा आर्थिक पक्ष पनि गाँसिएको छ, किनभने भोटेकोशी उपत्यकाजस्ता क्षेत्र भएर बग्ने नदीहरुमा नेपाली अधिकारीहरूले कम्तीमा चारवटा नयाँ जलविद्युत् गृह निर्माण गर्ने योजना बनाइरहेका छन् ।

*(आइपीएस, एनपीआई)*

# एफपीयु-प्रि डिप्लोयमेन्ट तालिम सुरु

काठमाडौं । संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ युनाईटेड नेशन्स मिसन ईन लाइवेरियामा फर्म्ड पुलिस युनिट (एफपीयु) को रूपमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरूका लागि सशस्त्र प्रहरी बल युएन शान्ति स्थापना तालिम केन्द्र ककनीमा युएन एफपीयु प्रि डिप्लोयमेन्ट तालिम संचालन भएको छ ।

तालिममा सशस्त्र प्रहरी नायव महानिरीक्षक पुष्पराम के.सी.ले प्रथम प्रवचन गरे । सशस्त्र प्रहरी नायव महानिरीक्षक के.सी.ले मिसनमा कार्य गर्न आवश्यक व्यवहारिक तथा सैद्धान्तिक ज्ञान दिने उद्देश्यले संगठनले यस्ता तालिमहरू संचालन गर्दै आइरहेको बताए ।

सशस्त्र प्रहरी नायव महानिरीक्षक के.सी.ले एफपीयु मिसन छनौट निर्देशिकालाई समयानुकल परिमार्जन गरिएको तथा निश्पक्ष ढंगले छनौट भएका सशस्त्र प्रहरी कर्मचारीहरूले मिसनमा खटिएपछि स्वदेशमा झै उत्कृष्ट कार्य गर्ने बताए । समारोहमा तालिम केन्द्रका समादेशक सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक सञ्जयविक्रम राणाले धन्यवाद दिंदै संयुक्त राष्ट्र संघको अव्हानमा फर्म्ड पुलिस युनिटको रूपमा लाइवेरियामा खटि जाने सशस्त्र प्रहरी कर्मचारीहरूलाई त्यहाँ गर्नुपर्ने विविध कार्यविधिहरूको जानकारी एवं जिम्मेवारी सम्बन्धमा तालिम दिइने बताए ।

कार्यक्रममा सशस्त्र प्रहरी नायव उपरीक्षक सुरेन्द्रराज रञ्जितले तालिम सम्बन्धी योजना प्रस्तुत गरेका थिए । दुई महिना अवधिको उक्त तालिममा कूल तीन सय ८० जना सशस्त्र प्रहरी कर्मचारीहरूको सहभागीता छ ।

## दुल्लुमा रावा बैंक

राष्ट्रिय वाणिज्य बैंकले दैलेखको व्यापारिक बजार दुल्लुमा शाखा पुनर्स्थापित गरेको छ । दुल्लुसहित बैंकका शाखा सञ्जाल १ सय ४५ पुगेका छन् । पुनर्स्थापित शाखा कार्यालय उद्घाटन राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय नेपालगन्जका प्रमुख वीरबहादुर चन्दले गरेका थिए । बैंकका हाल मुलुकभर १० काउन्टर, ९ शाखारहित सेवा र ५० एटिएम सञ्चालनमा छन् ।

## एनएमबीको म्युचुअल फन्ड सञ्चालन

एनएमबी बैंकले एनएमबी म्युचुअल फन्डअन्तर्गत 'एनएमबी सुलभ इन्भेस्टमेन्ट फन्ड–१' नामक ६० करोड रकमबराबरको ५ वर्षे बन्दमुखी योजना सञ्चालन गर्ने भएको छ ।

सन्तुलित प्रकृतिको योजनाले करिब ६० प्रतिशत सेयरमा र ४० प्रतिशत ऋणपत्रमा लगानी गर्ने तथा इकाइधनीलाई लगानीको पहिलो वर्षमै १२ प्रतिशत प्रतिफल दिने लक्ष्य राखेको छ ।

फन्ड सञ्चालनका लागि योजना व्यवस्थापकको रुपमा बैंकको सहायक कम्पनी एनएमबी क्यापिटल लिमिटेड रहेको छ । योजना सञ्चालन गर्न नेपाल धितोपत्र बोर्डमा आवश्यक दर्ता तथा स्वीकृतिका लागि पेस गरिसकिएको छ भने आउँदो आवको पहिलो त्रैमासिकमै योजनाको सार्वजनिक निष्कासन तथा सञ्चालनमा ल्याइने उद्देश्य रहेको योजना व्यवस्थापक एनएमबी क्यापिटलले जनाएको छ ।

निर्देशिका जारी भएपछि सामूहिक लगानी कोष सञ्चालनमा ल्याउने एनएमबी बैंक तेस्रो संस्था हुनेछ ।

## एभरेस्ट बैंकमा आलुवालिया

एभरेस्ट बैंकको प्रमुख कार्यकारी अधिकृतका रुपमा एके आलुवालियाले १ जुलाईदेखि कार्यभार सम्हालेका छन् ।

भारतको पन्जाब नेसनल बैंकको नायब महाप्रबन्धकमा कार्यरत रहँदै आएका आलुवालियासँग बैंकिङ क्षेत्रमा ३२ वर्षभन्दा बढीको अनुभव छ । आलुवालिया कर्जा तथा ऋण असुली विज्ञ मानिन्छन् ।

## एनसेलमा ग्यालेक्सी एसफोर मोबाइल

मोबाइल सेवाप्रदायक कम्पनी एनसेलले हरेक दिन ५ जना ग्राहकलाई सामसुङ ग्यालेक्सी एसफोर मोबाइल सेट दिने योजना ल्याएको छ । २६ असारदेखि लागू हुने योजनामा एनसेलका ग्राहकले सय रूपैयाँ वा सोभन्दा बढीको रिचार्ज गर्दा यस योजनामा स्वतः सहभागी हुन पाउनेछन् ।

योजनामा सहभागी भएका ग्राहकमध्येबाट हरेक दिन लक्की ड्र गरी ५ जना भाग्यशाली विजेताको छनोट गरिने र प्रत्येक विजेतालाई एउटा ग्यालेक्सी एसफोर मोबाइल दिनेछ ।

एनसेलका प्रिपेड तथा पोस्टपेडका सम्पूर्ण ग्राहकले नेपालको जुनसुकै ठाउँबाट रिचार्ज कार्ड, भिएफटी साथै बैंकबाट रिचार्ज गर्ने सेवाग्राहीले पनि उपहार योजनामा सहभागी भई उपहार जित्न सक्ने कम्पनीले जनाएको छ ।

## मेट्रोको सेयर निष्कासन प्रस्ताव

पोखरामा मुख्य कार्यालय रहेको मेट्रो डेभलपमेन्ट बैंकको विशेष साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले २० कित्ताबराबर ७ कित्ता हकप्रद सेयर निष्कासन गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको बैंकका प्रमुख कार्यकारीअधिकृत सूर्यप्रसाद तिवारीले जानकारी दिए ।

बैंकको हाल अधिकृतपुँजी २० करोड तथा चुक्तापुँजी १० करोड ६० लाख रूपैयाँ रहेकामा हकप्रद सेयर निष्कासनपछि चुक्तापुँजी १४ करोड ३१ लाख पुग्नेछ ।

हाल पाँच शाखा कार्यालय सञ्चालनमा रहेको बैंकले चालू आवको २४ असारसम्म १ अर्ब १० करोड ७४ लाख निक्षेप संकलन गरी ९६ करोड ९३ लाख रूपैयाँ कर्जा लगानी गरेको छ । बैंकले चालू आवको पहिलो नौ महिनामा २ करोड १७ लाख सञ्चालन मुनाफा आर्जन गरेको विशेष साधारणसभामा जानकारी दिइएको थियो ।

## कोकाकोलाका खुद्रा विक्रेता छनोट

बोटलर्स नेपालको उत्पादन कोकाकोलाले बजार प्रवर्द्धनका लागि सञ्चालन गर्दै आएको कोकाकोलाको 'खुसीको टोली' अभियानअन्तर्गत हालसम्म काठमाडौंमा १८ सय खुद्रा विक्रेता पुगेका छन् ।

खुसीको टोलीले मंगलबार २५ जनालाई लक्की ड्रमार्फत भाग्यशाली विजेता छनोट गरेको कम्पनीले जनाएको छ । विजेताले मिस नेपाल ०१३ सूग डिनर गर्ने अवसर पाउनेछन् ।

कोकाकोला २० रूपैयाूमा बिक्री गर्ने लक्ष्यसहित कम्पनीले उपत्यकाका १८ सय खुद्रा पसलमा गई निरीक्षण गरेको थियो । कम्पनीले २० रूपैयाूमा कोक बेच्ने विक्रेतालाई टी–सर्ट, क्याप, फोटोफ्रेमलगायत सामग्री प्रदान गर्दै आएको जनाएको छ ।

### विदेशीको...

अहिलेको जटिल सङ्क्रमणको उपयुक्त निकास हो ।

खिलराज रेग्मी नेतृत्वको सरकार चारदलको कठपुतली मात्र बनेकोले यस्ले निष्पक्ष स्वतन्त्र र धाँधली रहित निर्वाचन गराउन नसक्ने बताउँदै आम जनताको भावना र अपेक्षा अनुसार रेग्मी सरकारले कुनै भूमिका निभाउन नसकेको भन्दै सरकार र चारदल पनि मंसीर ४ गते प्रस्तावित गरीएको निर्वाचन गराउन चाहँदैनन् जस्तो देखिएको उद्घोष गरेका छन् । उच्चस्तरीय राजनीतिक समितीका रूपमा रहेका चारदलको सिन्डिकेटका कायम रहेसम्म संविधानसभाको दोस्रो निर्वाचन प्रायः असम्भव रहेको अध्यक्ष थापाको तर्क रहेको छ । थापाको तर्कमा चारदलिय सिन्डिकेटको अन्त्य भएपछि मात्र स्वतन्त्र निर्वाचनको आधार बन्ने र सडक संघर्षमा गएका दलहरू पनि चुनावी प्रकृयामा आउने दावी थापाले गरेका छन् ।

थापाका अनुसार सर्वदलिय सरकारले मात्र स्वच्छ निर्वाचन गराउन सक्छ । चारदलिय सिन्डिकेटको निषेधको राजनीतिका कारण केही दलहरू सडकमा जान बाध्य भएको बताएका छन् । यस्तो अवस्थामा सडकमा गएका दलहरूसँग वार्ता गर्नुको बदला शक्ति प्रयोग गरेर जसरी भएपनि निर्वाचन हुन्छ गराउँछौं भन्दै धम्की दिनु निर्वाचन हुन नदिने चार दलिय चालवाजी रहेको अध्यक्ष थापाको आरोप छ ।

नेकपा-माओवादी, मधेसी जनाधिकार फोरम नेपाल लगाएतका अन्य दलहरू असन्तुष्ट पक्षहरूलाई निषेध गरी सम्पन्न गरीने निर्वाचनले सार्थक परिणाम नदिने ठोकुवा थापाले गरेका छन् । चारदलको भीत्री उदेश्य भनेको निर्वाचन हुन नदिने र रेग्मी सरकारलाई असफल बनाएर सत्ता आफ्नै हातमा लिने भीत्री मनसाय चारदलमा रहेको आरोप समेत लगाएका छन् ।

### स्वरोजगारको...

स्मृति प्रतिष्ठानको भागमा ५ करोड, माओवादीकै हिमशिखर सहकारीमा ५ करोड परेको छ । कांग्रेस र एमालेले पनि आ-आफ्ना भागमा निकासा गराउन सफल भएका छन् ।

अर्थमन्त्री शंकरप्रसार कोइरालाले पारदर्शी र व्यवस्थित कार्यविधि र स्वतन्त्र निकायबाट नियमन व्यवस्था गर्ने भन्दाभन्दै संयन्त्रबाट आएको निकासाको आदेशलाई मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले 'डुन्छ' भनेपछि अर्थमन्त्री निहुरमुन्टी 'न' लगाएर ५४ करोड निकासा गर्न बाध्य भएका हुन् । एकपटक फेरि स्वरोजगार कोषको रकम निकासा, अनुगमन र समितिले सहकारी चयन गर्ने प्रक्रिया अवरूद्ध हुन पुगेको छ । यो विषयमा चित्त नबुझेका कारण प्रतिस्पर्धाबाट कोषको कार्यकारी अधिकृत बनेका विनोदकुमार गरागाईंले राजीनामा दिएका छन् । राजिनामा पछि एक भेटमा उनले भने- 'स्वरोजगार कोषको रकम राजनीतिक पार्टी चलाउने बजेट हुन थाल्यो, कार्यकर्ता पोसिन थाले, बेरोजगारले कोषको रकम पाउन सक्ने स्थिति छैन ।

अर्थात् स्वरोजथगार कोषको रकम राजनीतिक दलका लागि लखनौ लुट गर्ने थलो बनेको छ । अहिले वितरण गरिएको दोस्रो किस्ता वापतको ५४ करोड पार्टीहरूले आफ्ना भातृ संगठन, सहकारी मार्फत् वितरण गरेर चुनाव खर्च बनाउने निश्चित छ ।

### बत्तिसपुतलीमा...

यसबाहेक उपप्रधानमन्त्री भइसकेका रामचन्द्र पौडेल, नारायणकाजी श्रेष्ठ, उपेन्द्र यादव र विजयकुमार गच्छदारलेसमेत आफ्नो इज्जत राख्न सकेनन् । यी सब बेइज्जतिको परिदृश्य देखेका परराष्ट्रमन्त्री माधव घिमिरेले आचारसंहिता सम्झाउने हिम्मतसम्म पनि गरेनन् । खिलराज रेग्मीको सरकार निदाएको छ कि ब्यूँझेको छ, कसैले थाहा पाएनन् ।

खासगरी मधेशीहरूमा उप्रेन्द्र यादव, शरतसिंह भण्डारी, महन्थ ठाकुर, हृदयश त्रिपाठी, विजयकुमार गच्छदार, जितेन्द्र देव, महेन्द्र राय, राजेन्द्र महतो, राजकिशोर यादव, अनिलकुमार झा र जयप्रकाश गुप्तालाई खुर्सिदले बढी समय दि एका थिए । खुर्सिदले मधेशी नेताहरूलार्य एकताबद्ध भएर चुनावमा जान निर्देशन समेत दिएका छन् ।

### राजनीतिक दलहरु...

गराइएको थियो । दुइ वर्ष यता व्यापक भ्रष्टचार बढेको ५० प्रतिशतले बताएको छ । यसले विधिको शासन माथी समेत गम्भीर प्रश्न उठाएको हुनाले त्यसलाई नियन्त्रण गर्न प्रभावकारी नियन्त्रणको आवश्यकता देखिएको छ । अहिलेकै हालतमा भ्रष्टाचार बढ्दै जाने हो भने अबको केही वर्ष भित्रैमा नेपाल विश्वकै सबैभन्दा भ्रष्टचारी मुलुकको रूपमा दर्ता हुन सक्ने र जसले गर्दा राष्ट्रिय सुरक्षा र सर्वभौमिकता माथी नै प्रश्न उठ्न सक्ने भएको हुनाले भ्रष्टचार नियन्त्रण गर्न गठन गरिएका संस्थाहरू अरू प्रभावकारी रूपमा अगाडी बढ्न पर्ने टड्कारो आवश्यकता देखिएको छ ।

भ्रष्टचारीहरू चाहे पदमा बसेका हुन चाहे अवकास प्राप्त हुन ति सबैलाई कानूनको कठघरामा उभ्याउन सकेमात्र भ्रष्टचारीहरूको मनोवल गिर्न सक्ने देखिन्छ । तसर्थ अब अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संस्थालाई साधन स्रोत सम्पन्न बनाएर त्यसलाई राजनैतिक हस्ताक्षेप मुक्त बनाएर अगाडी बढाएको खण्डमा मात्र त्यसले प्रभावकारी भूमीका खेल्न सक्छ । नाम मात्रको अख्तियार अनुसन्धान आयोगको कुनै अर्थ नहुने हुनाले सर्वप्रथम अख्तियारमा रहेका कर्मचारीहरूकै निगरानी गर्दै अन्य भ्रष्टचारीहरू माथी कडा कारवही गरी देशलाई बदनाम हुनबाट जोगाउने पर्दछ ।

### जसरी भएपनि...

कुनै कसुर बाँकी राखिने छैन, असन्तुष्ट पक्षलाई निर्वाचनमा सहभागी हुने वातावरण तयार गर्न सरकारले अधिकतम प्रयास गर्ने तर वहिष्कार र असन्तुष्ट पक्षको अवरोधले निर्वाचन नरोकिने उद्घोष गरेर असन्तुष्ट पक्षहरूलाई अझ चिढ्याएका हुनलो नेकपा-माओवादी सहितका अन्य दलहरूले नेपाल बन्द र आम हड्तालका कार्यक्रमहरू समेत ल्याउन सक्ने देखिएको छ ।

गृहमन्त्री घिमीरेका अनुसार वार्तामा पनि नआउने र निर्वाचन विथोल्ने कार्यमा लागेका असन्तुष्ट पक्षलाई पर्खेर निर्वाचन सार्ने र स्थगित गर्ने भूल सरकारले नगर्ने घिमीरेले उद्घोष गर्दै चुनाव विथोल्ने र वाधा पुऱ्याउने कार्य भएमा सरकारले सबैखाले अस्त्र प्रयोग गर्ने भन्दै विपक्षी दलहरूलाई अप्रत्यक्ष रूपमा धम्की दिदैँ जसरी भएपनि निर्वाचन गराइ छोड्ने प्रतिवद्धता गृहमन्त्रीले गरेका छन् । गृहमन्त्रीका अनुसार निर्वाचनको वातावरण मुलुक भित्र बनिसकेको र छिमेकी मुलुक र अन्तराष्ट्रिय समुदायको पनि चुनाव होस् भन्ने धारणा आफुले जेनेभा भ्रमणमा पाएको र उनिहरू जस्तोसुकै सहयोग गर्न पनि तयार रहेको बताएका छन् ।

तर मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी भने निर्वाचनको वातावरण बनिनसकेकोले चारदललाई वातावरण बनाइदिन आग्रह गरिरहेको बेला गृहमन्त्रीले निर्वाचनको वातावरण बनीसक्यो भन्नु को अर्थ के ? गृहमन्त्रीका अनुसार कुनै दल वा पक्षले कानून हातमा लिने प्रयास गरेमा सरकार चुप लागेर नबस्ने उद्घोष गरे पनि अरू भन्दा अघि रेग्मी सरकार सून व्यावसायी, पानी व्यावसायी, ग्यास व्यावसायीहरूका अगाडी घुँडा टेक्न बाध्य भएजस्तै सडक संघर्षमा गएका दलहरूका अगाडी घुँडा टेक्दैन भनेर कसरी विश्वास गर्ने ? रेग्मी र रेग्मी सरकारका मन्त्रीहरूले जस्तासुकै अभिव्याक्ति दिए पनि रेग्मी सरकालाई स्वच्छ, निष्पक्ष र धाँधली रहित निर्वाचन गराउन फलामको चिउरा चपाउनु सरह भएको छ ।

### रेग्मी सरकारद्वारा...

जेष्ठ १८ गते गृह सचिव नविन घिमिरे र भारतका केन्द्रीय गृह सचिव आर.के.सिंहले हस्ताक्षर गरेका थिए । त्यसको विरुद्ध सर्वोच्च अदालतमा पूर्व रजिष्ट्रार तथा अधिवक्ता श्री प्रसाद पण्डितले सर्वोच्च अदालतमा वदरको माग गर्दै रिट निवेदन दर्ता गराएकोमा सर्वोच्च अदालतका न्यायाधिश तर्कराज भट्टको एकल इजलासले अन्तरीम आदेश जारी गरेको हो ।

आदेशमा यो रिट निवेदनको अन्तीम टुङ्गो नलागे सम्म अध्यागमन प्रणालीलाई आधुनिकरण गर्ने र पशुपतिनगरमा जाँच केन्द्र स्थापना गर्ने विषयमा कुनै कारवाही नगर्नु/नगराउनु भन्ने उल्लेख गरिएको छ । उक्त मुद्दालाई अग्राधिकार समेत दिएको हुनाले त्यसले उठाएको विषयहरू गम्भीर भएको अर्थ लाग्न सक्छ । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले पनि त्रिभुवन विमानस्थल अध्यागमनको स्तारोन्तर गर्ने जिम्मा भारतलाई दिने निर्णय गरेपछि त्यसको विरूद्ध परेको रिट निवेदनमा समेत अन्तरीम आदेश जारी भइसकेको अवस्थामा फेरी घुमाउरो पारामा अर्को त्यस्तै सहमती गर्नाले रेग्मी सरकार पनि कहाँबाट सञ्चालित भएको छ भन्ने प्रश्न समेत उठ्न थालेको छ ।

मन्त्रीपरिषद्को सहमति विपरीत एउटा सचिवले मात्र राष्ट्रिय हितको विरूद्धका कार्यहरू गर्न सक्ने अवस्था नै नरहेको हुनाले राष्ट्रिय अखण्डता र राष्ट्रियता प्रति नै रेग्मी सरकारले प्रहार गर्न थालेका छन् कि भनि राजनैतिक बुद्धिजिविहरूले प्रश्न उठाउन थालेका छन् ।

### खुर्सिदको...

भनेका छन्–भारत तोकिएकै मितीमा चुनाव हेर्न चाहान्छ । चुनावका लागि भारतले ८० करोड बराबरको गाडी सहयोग दिएको छ । र जस्तोसुकै सहयोग गर्न तयार छ भन्ने मीठो कुरा पाठ गरेको छ ।

भारतले नेपालमा आफ्नो पकट र प्रभाव छ भनेर चीन र अमेरिकालाई देखाएर गयो । अब चुनाव गरेर देखाउने पालो नेताहरूको । चुनाव होला त ? चीनले मोहन वैद्य र सीपी गजुरेललाई यही बेलामा बोलाएर नेकपा-माओवादी चीन पक्षमा छ भनेर प्रष्ट पारेको छ । यद्यपि दुई हप्ता अघि स्टेट काउन्सिलर याङ जिइची नेपाल आएर चीन चुनाव चाहान्छ भनेका थिए । यही बेला चीनीया राजदुतले तिव्वतका लागि नेपालले सुरक्षा दिनुपर्छ भनेर गुहार लगाए । अब हेर्नुस्– वार्ता गर्दा वैद्य कति बटारिन्छन् ? मंसिरको चुनाव खुर्सिदको फर्मान अनुसार होला कि नहोला ?

### रेग्मीको बलिदान...

विदेशमन्त्री खुर्सिदले राष्ट्रपति डा रामवरण यादव, मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र परराष्ट् एवम् गृहमन्त्री माधव घिमीरेलाई उनिहरूको कार्यालयमा भेटघाट गरेपनि पूर्वप्रधानमन्त्री देखी लिएर विभिन्न पार्टीका नेताहरूलाई बत्तिसपुतलीम रहेको द्वारीका होटलमै बोलाएर भेटघाट गरेका थिए ।

परराष्ट्रमन्त्री माधव घिमीरेले भारतीय विदेशमन्त्री खुर्सिदको सम्मानमा याक एण्ड यति होटलमा आयोजना गरेको दिवा भोजमा खुर्सिदले मन्त्रीपरिषद्का अध्यक्ष रेग्मीको खुबै तारिफ गर्दै रेग्मीले बलिदान गरेको अभिव्याक्ती दिएपछि त्यहाँ उपस्थित भएकाहरूले अब रेग्मी सरकारको आयु कि त समाप्त भएको कित उनले प्रधानन्यायाधिशबाट राजीनामा दिने सक्ने संकेत गरेका भएपनि स्वयम् रेग्मी भने त्यहाँ उपस्थित रहेका थिएनन् । सर्वोच्च अदालतका प्रधानन्यायाधिश रहेकै बेला मन्त्रीपरिषद्को अध्यक्ष बनाइएका रेग्मीले मुलुकको लागि के बलिदान गरे त भन्ने प्रश्न समेत त्यहाँ उपस्थित भएकाहरूले कानेखुसी गरेका थिए । खुर्सिदको भनाइमा नेताहरूले योगदान दिए रेग्मीले बलिदान तर त्यो वलिदान कस्तो हो भने उनले प्रष्ट पारेनन् । उनैको उपस्थिती मा नेपाल सरकारलाई निर्वाचनको लागि ७ सय ६४ वटा गाडी दिने सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतामा भारतीय राजदूत जयन्त प्रसाद र अर्थ मन्त्रालयका सचिव शन्तराज सुवेदीले हस्ताक्षर गरेका छन् । उक्त गाडीहरूको मूल्य करिब ८० करोड पर्ने बताइएको छ ।

## गोलमेचमा पूर्वराजा पनि



काठमाडौं । चारदलीय संयन्त्रले गोलमेच सम्मेलन आयोजना गर्न स्वीकार गरेको छ । असन्तुष्ट ३३ दलको नेतृत्व गर्ने नेकपा-माओवादीले आफ्ना शर्तहरू कयमै राखी वार्तामा बस्न राजी भएको निर्णय गरेको छ । सर्वदलीय र सर्वपक्षीय गोलमेच सम्मेलन नभई निकास निस्कन्न भन्ने यथार्थ बोध भएकाले निर्वाचन अघि गोलमेच सम्मेलनको 'राम्रो काम' आम जनताले देख्न पाउने भएका छन् । यसै प्रसंगमा निषेधले निकास निस्कन्न भन्ने पूर्वराजालार्य पनि गोलमेच सम्मेलनमा सहभागी गराउनु पर्ने आवाज उठ्न थालेको छ ।

पूर्वराजसहित हुने गोलमेच सम्मेलन कस्तो होला ? पूर्वराजाका सामु प्रचण्ड, सुशील कोइराल, झलनाथ खनाल, विजयकुमार गच्छदार र मोहन वैद्यहरू क्सरी प्रस्तुत होलान ? यस्तो गोलमेचले कस्तो निष्कर्ष निकाल्ला ? विश्लेषकहरू भन्छन्, यस्तो भयो भने विश्व इतिहासमै नेपालमा ठूलो घटना बन्न जाने छ । अभूतपूर्व राजनीतिक सहमति बन्ने र यही समहतिको आधारमा संविधान समेत लेखिने छ । पूर्वाग्रह र निषेधलाई अहंकारका रूपमा लिएरका शीर्ष नेताहरूले गोलमेचमा पूर्वराजालाई बसाल्ने आँट गर्लान् ?

**वर्डफ्लु लगायतका रोगबाट बच्न तथा बचाउन निम्नानुसारका जैविक सुरक्षाका उपायहरू अपनाऔं:**

- पशुपंक्षी खरीद गर्दाश्रोत एकीन गरी मात्र खरीद गरौं । खरीद गरी ल्याएका पशुपंक्षीलाई आफुसँग रहेका पशुपंक्षीहरूसँग नमिसाई कम्तीमा पनि ७ दिन छुट्टै स्थानमा राखौं ।
- पंक्षी पालन गरिएको क्षेत्र नजीक जंगली पंक्षीहरू आकर्षित हुने वातावरण नबनाऔं ।
- पशुपंक्षी पालन गरिएका गोठ तथा खोरहरूमा बाहिरका मानिसहरूलाई अनावश्यक आवत जावत गर्न नदिऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुढुनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८२५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६९९, बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार